नगरसभाको बैठकमा २०८० साल आषाढ २ गते शनिबार
नगर उपप्रमुख श्री राजेश बाँनियाले
प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८०/८१ को
# नीति तथा कार्यक्रम र बजेट वक्तव्य

हेटौँडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
२०८०
**http://www.hetaudamun.gov.np**

नगरप्रमुख एवम् नगरसभाका अध्यक्ष महोदय,

नगरसभा सदस्यज्यूहरू,

सञ्चारकर्मी मित्रहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु

१. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात प्राप्त उपलब्धिको रुपमा नेपालको संविधानले गरेको व्यवस्था बमोजिम गत २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट दोश्रो कार्यकालका लागि स्थानीय सरकार गठन भई बर्तमान निर्वाचित जनप्रतिनिधिहरुको दोश्रो वर्षको रुपमा यस उपमहानगरपालिकाको तेह्रौं नगरसभामा आर्थिक वर्ष २०८०/८१ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुतिको लागि यहाँहरुको सामु उपस्थित भएको छु ।

२. यस घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको चरणमा भएका विभिन्न सामाजिक तथा राजनैतिक आन्दोलनहरुमा जीवन आहुति गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

३. यस उपमहानगरपालिका लोकतन्त्रका न्यूनतम आधारभूत मूल्य मान्यता बहुलवादी खुला समाज, मानव अधिकार, लोकतन्त्र, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति पूर्ण प्रतिवद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा उपमहानगरपालिका हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरबासीले गर्न सकून् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं ।

४. प्राविधिक दृष्टिले उपयुक्त, सामाजिक रूपमा सन्तुलित एवम् राजनैतिक रूपमा स्वीकार्य विकास प्राप्तिका लागि समन्वय कायम गर्दै विकासका साझा गन्तव्य/प्राथमिकता चयन गर्नुपर्ने विशिष्ट अवस्था, नगरवासीहरूको सन्तुलित विकास एवम् सेवा प्राप्ति प्रतिको बढ्दो अपेक्षाको सम्बोधन, मुलुकमा सिर्जित प्रतिकुल आर्थिक अवस्थाले राजस्व परिचालनमा पारेको प्रभाव, सिमित आन्तरिक श्रोत र संघीय अनुदानमा भएको गिरावट समेतको पृष्ठभूमिमा आर्थिक वर्ष २०८०/८१ को बजेट नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न गइरहेको छु ।

५. सचेत, सुसूचित र संस्कारयुक्त नेपाली नागरिकको अथक मेहनत र गौरवपूर्ण बलिदानीबाट प्राप्त संविधान बमोजिम सार्वभौम जनताको चयनमार्फत निर्वाचित प्रतिनिधिबाट गठन भएको उपमहानगरपालिका नगरबासीहरुको आधारभूत हक तथा अधिकारप्रति सचेत र सदृष्य रहँदै **"स्वच्छ, सृजनशील, समृद्ध औद्योगिक नगर हेटौंडा"** भन्ने सोचका साथ नेपाल सरकारको पन्ध्रौं योजना, दिगो विकासको लक्ष्य, संघ र प्रदेश सरकारको बजेट एवम् प्राथमिकता, स्थानीय सरकारको अल्पकालीन र दीर्घकालीन योजनाहरु प्रति दृढ रही राष्ट्रिय तथा प्रादेशिक आकाँक्षा पूरा गर्ने अभियानप्रति हामी पूर्ण प्रतिबद्ध छौं ।

६. आर्थिक वर्ष २०७९/८० को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्दाको अवस्थामा यस उपमहानगरपालिकाको आन्तरिक आय, नेपाल सरकारबाट प्राप्त हुने समानीकरण, शसर्त, समपूरक र विशेष अनुदान, प्रदेश सरकारबाट प्राप्त समपूरक र विशेष अनुदानमा, राजस्व बाँडफाँट लगायतका श्रोतहरूमा अपेक्षा गरे अनुरूप वृद्धि नहुँदा स्रोतको कमि हुन गएको जस्ता कारणहरुले प्राथमिकतामा राखिएका कतिपय नगरको समग्र विकासमा महत्व राख्ने जनअपेक्षित विकास आयोजनाहरू प्रभावकारी रुपले कार्यान्वयन गर्न नसकिएको चालु आर्थिक वर्षको यथार्थता हाम्रा सामु स्पष्टै छ ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म आर्थिक वर्ष २०७९/८० को यस उपमहानगरपालिकाको वार्षिक कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगतिको संक्षिप्त समीक्षात्मक विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्यक्रमको समीक्षा

आज २०८० साल आषाढ २ गते उपमहानगरपालिकाको बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्दा चालु आर्थिक वर्ष २०७९/८० को जेष्ठ मसान्त सम्मको अवधिलाई आधार मानी भौतिक तथा वित्तीय प्रगतिहरू प्रस्तुत गरिएको छ । चालु आर्थिक वर्षको बाँकी अवधिको भौतिक तथा वित्तीय प्रगतिहरू वार्षिक प्रगति समीक्षा गरी आगामी नगरसभामा प्रस्तुत गरिने व्यहोरा अनुरोध गर्दछु। अब म क्षेत्रगतरुपमा बार्षिक लक्ष्य र प्रगतिको सक्षिप्त समीक्षा प्रस्तुत गर्न गैरहेको छु।

### १.१ पूर्वाधार निर्माण तर्फः

चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा पूर्वाधार विकास अन्तर्गत ५६.२८ किलो मिटर क्रंकिट सडक निर्माण सम्पन्न भएको छ। त्यसैगरी २.२५ किलो मिटर सडक कालो पत्रे, २.८ किलो मिटर सडक ग्रेभल तथा २ किलो मिटर नाला निर्माण सम्पन्न भएका छन्। यस अवधि बीचमा खानेपानी पूर्वाधार ८ वटा, विद्यालय पूर्वाधार १८ वटा, पर्यटन पूर्वाधार १२ वटा, खेलकुद पूर्वाधार १४ वटा, गुम्वा पूर्वाधार सुधार २४ वटा, मन्दिर पूर्वाधार निर्माण ५३ वटा र स्वास्थ पूर्वाधार २ वटा र शौचालय ३ वटा योजनाहरु सम्पन्न भएका छन्।

वस्ती संरक्षण एवं तटवन्धन २० वटा, सिंचाई योजना २ वटा, सामुदायिक भवन पूर्वाधार एवं मर्मत सम्भार ५९ वटा र वैकल्पिक उर्जातर्फ १५ वटा सडक सोलार वत्ती र दुई वटा हाई मास्ट लाईट जडान गरिएको छ ।

वडा कार्यालयहरुको प्रशासनिक भवन क्रमशः निर्माण गर्दै जाने नीति अनुरुप चालु आर्थिक वर्षमा वडा नं. ७, ११ र १९ नं. वडा कार्यालयहरुको भवन निर्माण सम्पन्न भई सोही भवनबाट सेवाप्रवाह शुरु गरिएको छ। ९ नं. वडा कार्यालयको भवन निर्माण कार्य अन्तिम अवस्थामा रहेको छ।

संघीय सरकारवाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रम तर्फ वडा नं. १९ मा सिरानचोक वेशी झोलुंगेपुल निर्माण कार्य अन्तिम चरणमा रहेको छ। वडा नं १२ को हात्तीगौडा आल्दमारमा क्रंकिट सडक निर्माण कार्य चालु अवस्थामा रहेको छ। सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत उपमहानगरपालिकाको वडा नं. १, ३, ११, १६, १७ र १९ नं. वडाका ७५ विपन्न परिवारको घरमा खरको छाना हटाई कर्कटपाता लगाउने कार्य सम्पन्न भएको छ। वागमती प्रदेश सरकारबाट हस्तान्तरित समपुरक अनुदान कार्यक्रम अन्तर्गत वडा नं. १६ र १७ मा चक्रपथ सडक स्तरीकरण कार्य अन्तिम चरणमा रहेको छ। वडा नं. १२, १३ र १७ मा सञ्चालनमा रहेको डिपवोरिंग कार्य अन्तिम चरणमा रहेको छ। नगर विकास कोष (Town Devlopment Fund) सँगको साझेदारीमा सञ्चालित वडा नं. १० को एकिकृत वस टर्मिनल भवन आयोजना निर्माणाधीन अवस्थामा रहेको छ। सडक वोर्ड नेपालको साझेदारीमा वडा नं. ४ को स्कुल रोड, पारिजात पथ र नन्दस्थान रोड कालो पत्रे गर्ने कार्य चालु अवस्थामा रहेको छ। उपमहानगरपालिकाको विकट वडाहरुमा सडक यातायातमा पहुँच विस्तार गर्ने कनेक्टीभिटी सडकको रुपमा वडा नं. १६ को आकाशधारा सडक र वडा नं. १९ को कुवापानी शेरशेर सडक निर्माण कार्यलाई प्राथमिकताका साथ वजेट विनियोजन गरी स्तरीकरण कार्य शुरु गरिएको छ। वडा नं. १० मा रहेको तरकारी बजारलाई नेपाल फलफुल तरकारी व्यवसायी संघसँगको सहकार्यमा वडा नं. १ जरुवाटोलमा १०६ कोठे तरकारी खरिद विक्री केन्द्र निर्माण गरी स्थानान्तरण गरिएको छ।

उपमहानगरपालिकावाट सम्पादन हुने कार्यलाई प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुऱ्याउने साझेदार निकायहरुको माग अनुसार जिल्ला प्रहरी कार्यालयको प्रहरी अधिकृतको आवास गृह निर्माण, मालपोत कार्यालयको ट्रष्ट तथा शौचालय निर्माण, सामुदायिक आँखा अस्पतालमा विरामी कुरुवा कक्ष निर्माण, पाटन उच्च अदालत हेटौंडाको परिसर व्यवस्थापन, वाल सुधार गृहको शौचालय निर्माण, आन्तरिक राजस्व कार्यालय अगाडी सडक स्तरीकरण गर्ने कार्यहरु सम्पन्न भएका छन् ।

जिल्ला समन्वय समिति मकवानपुर, उपमहानगरपालिका र हेटौंडा खानेपानी व्यवस्थापन वोर्डको संयुक्त लगानीमा वडा नं. १४ मा वनेलधाप खानेपानी आयोजना सम्पन्न भई हेटौडा खानेपानी व्यवस्थापन वोर्डलाई हस्तान्तरण गरिएको छ। वडा नं. १६ मा वृहत शक्ति खानेपानी आयोजना सञ्चालनको लागि संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना हेटौडासँग सम्झौता सम्पन्न भएको छ । उपमहानगरपालिकाको मुख्य प्रशासनिक भवनको परिसरमा प्रथम नगर प्रमुख स्व.वासुदेव रिजालको शालिक एवं नगर घण्टा (City Bell) स्थापना गरिएको छ।

भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागि वडाहरुबाट प्राप्त निबेदन मध्ये वडा नं. ७, ८ ९ र ११ का वस्तिहरुको जग्गा नाप जांच गर्ने कार्य भै तथ्यांक विश्लेषण, जांच र प्रविष्टि गर्ने र अनुसूची हरु भर्ने कार्य भैरहेको छ।

योजना तथा कार्यक्रमहरुको सरल कार्यान्वयन तथा शिघ्र भुक्तानी व्यवस्थापन गर्नका लागि रु. २० लाखसम्म वजेट विनियोजन भएका योजना तथा कार्यक्रमहरु वडा कार्यालयमा नै सम्झौता गर्ने अधिकार प्रत्यायोजन गरी अनुगमन तथा फरफारक समेत वडा कार्यालयबाट नै गर्ने व्यवस्था मिलाइएको छ ।

**आदरणीय सभाध्यक्ष तथा सभा सदस्यज्यूहरू,**

अब म सामाजिक विकास तर्फको कार्यक्रममा भएको प्रगतिबारे संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु ।

## १.२ सामाजिक विकास तर्फ

### १.२.१ स्वास्थ्य तर्फ

१. हेटौंडा उपमहानगरपालिका अन्तर्गतका ६ वटा स्वास्थ्य चौकी, १ शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, १३ वटा शहरी स्वास्थ्य केन्द्रहरुवाट खोप सेवा, पोषण सेवा र CBIMNCI स्वास्थ्य सेवा निरन्तररूपमा प्रदान भैरहेको छ।

२. उपमहानगरपालिका अन्तर्गत रहेका वडा नं. १६ स्थित हटिया स्वास्थ्य चौकी र वडा नं. १३ स्थित पदमपोखरी स्वास्थ्य चौकीलाई ५ शैया अस्पतालमा स्तरोन्नती गर्न आवश्यक प्रक्रिया अगाडि बढाइएको छ ।

३. सुत्केरी महिला तथा नवजात शिशुको स्वास्थ्य अवस्था परीक्षण गर्न PNC Home Visit कार्यक्रम अन्तर्गत ११८६ जना सुत्केरी आमाहरुसँग पोषण कोशेली सहित भेटघाट गरिएको छ।

४. सिमान्तकृत, लोपोन्मुख समुदाय र आर्थिक रुपमा अति विपन्न १३९९ परिवारको स्वास्थ्य बिमा गरी स्वास्थ्य सेवामा पहुँच पुऱ्याइएको छ।

५. आधारभूत तथा आकस्मिक सेवाको सुनिश्चितताको लागि नगरका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा नेपाल सरकारद्वारा निःशुल्क वितरण गर्ने भनि तोकेको औषधीहरु सहज र सरल रुपमा उपलब्ध गराई स्वास्थ्य

संस्थाबाट वितरण गरिएको छ। साथै स्वास्थ्य संस्था स्तरबाट प्रदान गरिने नसर्ने रोगका औषधीहरु समेत व्यवस्था गरिएको छ।

६. दीर्घ तथा नसर्ने रोगबाट घरमै ओछ्यानमा थलिएर रहेका विरामी व्यक्तिहरुलाई लक्षित गरी वडा वडामा रहेका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुको परिचालनबाट उपचार र सहयोग (Care and Support) को कार्यक्रम निरन्तर रहेको छ। यसै कार्यक्रमलाई अझ प्रभावकारी बनाउन चालु आर्थिक वर्ष मा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको सहयोगमा थप ४ जना स्वास्थ्यकर्मीहरुकाई प्रशामक सेवा (Palliative Care) सम्बन्धी तालिम दिइएको छ।

७. महिलामा बढ्दो क्रममा रहेको स्तन तथा पाठेघर क्यान्सर र अब्स्ट्रक्टिभ फिस्टुला जस्ता घातक रोगहरुको निःशुल्क परीक्षण गर्ने कार्यक्रमलाई उपमहानगरपालिका अन्तर्गतका स्वास्थ्य सस्था तथा गैह्रसरकारी संस्थाहरुसङ्गको सहकार्यमा यस आर्थिक वर्षमा १३ स्थानमा स्वास्थ्य शिविर सम्पन्न गरिएको छ।

८. स्वास्थ्य संस्थाहरुको सेवालाई प्रभावकारी बनाउन र आधारभुत स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्न ई-रिपोर्टिंग सिस्टमलाई वडा नं ७ बाट परीक्षणको रुपमा सञ्चालनमा ल्याइएको छ ।

९. आयुर्वेद स्वास्थ्य सेवा अन्तर्गत उपमहानगरपालिकाको वडा नं. १५ र १७ मा रहेका आयुर्वेद औषधालयहरुबाट आयुर्वेद सेवा अन्तर्गतका शिरोधारा, स्वेदन तथा योगा कक्षा सञ्चालन सहितको उपचार सेवा व्यवस्थित गरी आयुर्वेद स्वास्थ्य सेवा प्रदान गरिएको छ।

१०. बदलिदो जीवनशैलीको कारण बढ्दै गएको नसर्ने रोगहरुको प्रभाव कम गर्न स्वास्थ्य जीवन कार्यक्रम निरन्तर रहेको छ।

११. राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७९/८० मा ४६ जना महिला स्वास्थ्य स्वयम् सेविकाहरुको कार्यावधि अनुमोदन गरिएको, १० जना महिला स्वास्थ्य स्वयम् सेविकाहरु छनौट भएका तथा १२ जना महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई स-सम्मान विदाई गरिएको छ।

१२. उपमहानगरपालिका अन्तर्गतका स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रहरुको न्यूनतम मापदण्ड अनुगमन गरी स्वास्थ्य संस्थाहरुबाट प्रवाह भैरहेको स्वास्थ्य सेवाको गुणस्तर मापन गरी कमी कमजोरी सुधार गरिएको छ।

१३. नगरका सम्पूर्ण नागरिकहरुको र विशेष गरी गर्भवती, सुत्केरी तथा वालवालिकाहरुको पोषणको स्थितिलाई प्रबर्द्धन गर्न बहुक्षेत्रीय पोषण कार्यक्रम निरन्तर सञ्चालनमा रहेको छ।

१४. नेपाल रेडक्रस सोसाइटी ब्लड बैंक मार्फत ६३४ जना नगरवासीहरुलाई निःशुल्क रक्त सेवा उपलब्ध गराइएको छ।

१५. विकट स्थानमा बसोबास गर्ने नगरबासीहरुमा सहज स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्दै जाने नीति अनुरुप चालु आर्थिक वर्षमा हेटौडा १५ को चिप्लेटीमा नियमित स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य संस्था सञ्चालनमा ल्याइएको छ।

### १.२.२ शिक्षा

१. प्रारम्भिक बालविकास केन्द्रलाई व्यवस्थित गरी प्रविधिसँग जोड्ने नीति अनुरुप बालविकास सहजकर्ताका लागि तालिमको व्यवस्था गरी पाठ्यक्रम प्रारुप २०७६ ले निर्धारण गरे बमोजिमको विकासात्मक उपलब्धिहरु हाँसिल गराउन ECD कक्षामा सिकाई app को प्रयोग कार्यको सुरुवात भएको छ ।

२. स्थानीय विषयवस्तुमा आधारित स्थानीय पाठ्यक्रम **'हाम्रो हेटौंडा'** कक्षा १-३ लागू भइसकेको छ भने कक्षा ४-८ को स्थानीय पाठ्यक्रम शैक्षिक सत्र २०८१ बाट कक्षा ८ सम्मै लागू गर्ने लक्ष्य सहित पाठ्यक्रम निर्माण भैरहेको छ ।

३. नगर क्षेत्रका सबै सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाउन इन्टरनेटको पहुँचमा पुर्याउने र विद्यालयहरुमा विद्यालय सफ्टवेयर सञ्चालनको लागि प्रत्येक विद्यालयबाट सम्पर्क व्यक्ति तोकी उनीहरुलाई तालिम दिइएको छ ।

४. प्राविधिक शिक्षाप्रतिको आकर्षणलाई मध्यनगर गर्दै उच्च शिक्षामा समेत लगानी गरी प्राविधिक जनशक्तिको विकास हेटौंडामै गर्ने गरी प्राविधिक महाविद्यालयको अवधारणा अनुरुप भुटनदेवी इन्जिनियरिङ्ग कलेजको स्थापनार्थ प्रक्रिया अघि बढेको छ ।

६. शिक्षक/कर्मचारी/बालविकास सहजकर्ताको क्षमता विकास पेशागत विकासलाई जोड दिई क्षमता अभिवृद्धि तथा पुनर्ताजकी तालिम कार्यक्रमहरु निरन्तर सञ्चालन भैरहेका छन् ।

७. अनौपचारिक तथा जीवनपर्यन्त सिकाइलाई प्रवर्धन गर्न सामुदायिक सिकाई केन्द्रहरु, बालक्लब, स्काउटलाई परिचालन गरिएको छ ।

८. नगरक्षेत्रका ३ वडा परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरु (१ बौद्ध शिक्षा, १ मदरसा, १ संस्कृत विद्यालय) लाई व्यवस्थित गर्ने कार्यमा सहयोग गरिएको छ । विशेष शिक्षा अन्तर्गत सञ्चालित स्रोत कक्षा र दिवा कक्षालाई पनि व्यवस्थित गरिएको छ ।

९. सबै सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रम कक्षा ६ सम्म पुर्याई निरन्तर सञ्चालन भैरहेको छ।

१०. शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित गरी शैक्षिक तथ्याङ्क अद्यावधिक गर्ने कार्य निरन्तर भैरहेको छ ।

११. विद्यार्थीको सर्वाङ्गीण विकास, विद्यार्थीको क्षमता/प्रतिभा प्रस्फुटन गर्न अतिरिक्त क्रियाकलाप अन्तर्गतको विभिन्न नगरस्तरीय प्रतियोगिता तथा विषयगत प्रदर्शनीहरु सञ्चालन गरिएको छ ।

१२. विद्यालयमा स्वच्छ पिउने पानीको लागि युरोगार्ड जडान कार्य निरन्तर भैरहेको छ ।

१३. एम.वि.वि.एस. अध्ययनरत विद्यार्थीलाई छात्रावृत्ति व्यवस्थापन कार्यविधि बनेको र सोहि बमोजिम नगर क्षेत्रका विद्यार्थीलाई छात्रावृत्ति प्रदान गर्ने कार्य भएको छ ।

१४. ENSSURE परियोजना अन्तर्गत वृत्तिमार्ग निर्देशन, रोजगार मेला, तथ्याङ्क संकलन लगायतका कार्य सम्पन्न भएको छ ।

१५. सामुदायिक विद्यालय तहका छात्राहरुलाई सेनेटरी प्याडको व्यवस्थापन गरिएको छ ।

१६. सबै विद्यालयमा कम्प्युटर प्रिन्टरको व्यवस्थापन गरिएको छ ।

१७. वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरी शैक्षिक गतिविधिलाई व्यवस्थित गरिएको छ ।

१८. अन्तरपालिका समन्वयात्मक कार्य अन्तर्गत राक्सिराङ्ग गाउँपालिकाको विद्यालयसँग समन्वयात्मक कार्यक्रम सञ्चालन गरिएको छ ।

१९. विद्यालयलाई आवश्यकता अनुरुप फर्निचर, शैक्षिक सामग्री, खेल सामग्री व्यवस्थापन कार्य निरन्तर गर्दै आएको छ ।

**१.२.३ महिला तथा बालबालिका विकास तर्फः**

अव म महिला तथा वालवालिका विकास महाशाखाबाट सम्पादन भएका कामहरुको प्रगति समीक्षा पेश गर्दछु ।

१. नगर स्तरीय महिला जागरण समूह मार्फत १९ वटै वडामा बाल अधिकार समिति गठन तथा सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

२. मानव अधिकारको लागि एकल महिला समूहको समन्वयमा ८ वटा वडाका २५३ जना एकल महिलाहरुलाई हक अधिकारको बारेमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ।

३. उपमहानगरपालिकाका ३३ जना महिला जनप्रतिनिधिहरुलाई ५ दिने नेतृत्व तथा क्षमता बिकास तालिम सम्पन्न गरिएको छ ।

४. लैङ्गिक हिंसा पिडित प्रभावित १६५ जना महिला तथा बालबालिकाहरुलाई अल्पकालीन आश्रयस्थल(जिल्ला सेवा केन्द्र) बाट सेवा प्रदान गरिएको छ ।

५. यौनजन्य दूर्व्यबहार, हिंसा तथा जोखिम बिरुद्धमा ४६० बालबालिका एवम् किशोर किशोरीहरुलाई अभिमुखीकरण गरिएको छ ।

६. चालु आर्थिक बर्षमा ५१ जना क वर्ग, ७९ जना ख वर्ग, ४२ जना ग वर्ग र ७ जना घ वर्गको गरी जम्मा १७९ जना व्यक्तिलाई अपाङ्गता परिचयपत्र प्रदान गरिएको छ ।

७. अपाङ्गता भएका ३२ जना व्यक्तिलाई ह्वील चियर, २ जनालाई सेतो छडी, १ जनालाई कृतिम खुट्टा, २ जनालाई बैशाखी गरी कुल ३७ जनालाई अपाङ्गता सहायक सामग्री बितरण कार्य सम्पन्न भएको छ ।

८. दृष्टिबिहिन र उनीहरुको सहयोगी गरी कुल २२ जनालाई मसला उत्पादन तथा बजारीकरण तालिम प्रदान गरी आयआर्जनमा सहज बनाउन मसला पिस्ने र प्याकिङ गर्ने मेसिन हस्तान्तरण गरिएको छ।

९. अटिजम भएका १५ बालबालिकाहरुको लागि सेन्टर फर अटिजम मार्फत २ महिने बिशेष थेरापी कार्यक्रम सञ्चालन गरिएको छ ।

१०. नेपाल होचा पुड्का संघ मार्फत हेटौडा उपमहानगरपालिकाको बजार क्षेत्रका ३ स्थानमा भेदभाव, महिला हिंसा र मदिरापान बिरुद्ध सचेतनामूलक सडक नाटक प्रदर्शन गरिएको छ ।

११. उपमहानगरपालिकाका ५७ जना जेष्ठ नागरिक र १९ जना उत्कृष्ठ स्याहारकर्तालाई सम्मान गरिएको छ ।

१२. उपमहानगरपालिकाका १९ वटै वडामा बालमैत्री स्थानीय शासन अवलम्बन तथा घोषणाको लागि बालमैत्री स्थानीय शासन वडा समिति र वडा बाल अधिकार समिति गठन तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

१३. नगरका १९ वटै वडाको समुदायस्तरमा २६२ र बिद्यालय स्तरमा १०५ गरी कुल ३६७ वटा बाल समूह गठन गरी ९१७५ जना बालबालिकालाई बाल समूहमा आवद्ध गरिएको छ।बाल समूहको पदाधिकारीहरुको प्रतिनिधित्व गराउँदै वडास्तरमा र नगरस्तरमा २० वटा बाल समूह संजाल गठन कार्य सम्पन्न भएको छ ।साथै समुदायस्तर र वडा स्तरमा गठन भएको बाल समूहलाई आवश्यक पर्ने सामग्री सहितको बाल समूह/संजाल किट बितरण कार्य सम्पन्न भएको छ ।

१४. नगरलाई बालमैत्री बनाउने अभियान संगै विभिन्न वडामा हुन लागेका/भएका ७ वटा बालविवाह रोक्ने काम भएको छ भने उपमहानगरपालिकामा श्रमिक बालबालिकाहरुको सर्भेक्षण गर्दा ६३ जना भेटिएकोमा ६ जना बालश्रमिकहरुको उद्धार तथा पुर्नस्थापना गरिएको छ ।

१५. आमा बाबु विहिन २० बालबालिकाहरुलाई मासिक रु २००० भत्ता वितरण गर्ने कार्य गरिएको छ ।

१६. बालमैत्री सम्पर्क व्यक्ति र बालमैत्री सहजकर्ताहरुको लागि बालमैत्री स्थानीय शासन सम्बन्धी कागजात व्यवस्थापनको लागि फाइल सूची कार्यशाला २ दिने सम्पन्न गरिएको छ ।

१७. हेटौडा उपमहानगरपालिकाको बालवस्तुगत विवरण संकलन कार्य अन्तिम चरणमा पुगेको छ।

### १.२.४ लैससास तथा समाज कल्याण तर्फः

१. टोल विकास संस्थाहरुको समन्वयमा विभिन्न हाते कढाई, क्रिष्टलको गहना, ढाकाको कपडा, दुल्हन मेकअप, मखमलका जुत्ता लगायतका सिपमुलक तथा आयमुलक तालिम कार्यक्रम सञ्चालन भएका जसमा १०० भन्दा बढी गरिब, विपन्न एवं उद्यमी बन्न ईच्छुक महिलाले लाभ प्राप्त गरेका छन्।

२. टोल विकास संस्था नगर समन्वय समितिको सहकार्यमा सबै वडा समन्वय समितिहरुलाई समेटी टोल विकास संस्थाका पदाधिकारीहरु मध्ये ४०० जनालाई लेखा व्यवस्थापन तालिम र ५५० जनालाई नेतृत्व तथा क्षमता विकास तालिम सम्पन्न गरिएको छ।

३. जातिय मौलिकता र सँस्कृतिको पहिचान सहित पर्यटन प्रवर्द्धनको लागि १० जना होमस्टे उद्यमीहरुलाई होमस्टे फिल्ड तालिम तथा अवलोकन भ्रमण सम्पन्न गरिएको छ।

४. क्षमता विकास कार्यक्रम अन्तर्गत गैरसरकारी संस्था तथा अन्य संघसंस्थाहरुसँगको साझेदारी एवं सहकार्यमा लैङ्गिक हिंसा, लागु पदार्थ दूर्व्यसनी, खाद्य अधिकार, नेतृत्व क्षमता विकास, भाषण कला, प्रस्तावना तथा प्रतिवेदन लेखन लगायतका करिब ३० भन्दा बढी सचेतनामुलक कार्यक्रम सञ्चालन भएका छन् जसबाट करिब ९०० भन्दा बढी युवा, महिला तथा बालबालिकाहरु लाभान्वित भएका छन्।

५. सिप विकास कार्यक्रम अन्तर्गत विभिन्न संघसंस्थाहरुको साझेदारीमा बारिष्टा तालिम, अचार बनाउने तालिम, ब्युटिसियन तालिम, सेनेटरी प्याड बनाउने तालिम जस्ता मागमा आधारित आयमुलक तथा सिपमुलक तालिम कार्यक्रमबाट २०० जना सहभागीहरुलाई स्वरोजगार मुलक सिप प्रदान गरिएको छ।

६. महिला, दलित, जनजाती, मधेसीलाई लक्षित गरी सञ्चालन गरिएको सहायकस्तरको लोकसेवा तयारी कक्षाबाट १०० जना लाभान्वित भएका छन्।

७. मानवीय संवेदनशीलतालाई मध्यनजर गर्दै असहाय, बेसहारा, सहयोगापेक्षी सडक मानव, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक हिंसा पिडित तथा प्रभावितहरुको संरक्षण, स्वास्थ्योपचार तथा पुनर्स्थापनामा सहयोग पुर्याउँदै आएका संस्थाहरु मानव सेवा आश्रम, ओम वृद्धाश्रम, मामाघर नेपाल, अनाथ अपाङ्ग बाल पुनर्स्थापना गृह, दिव्य सेवा निकेतनलाई सञ्चालन व्यवस्थापन अनुदान उपलब्ध गराइएको छ।

८. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरु प्रति गरिने विभेद र लाञ्छना न्यूनिकरण गर्न सबै वडालाई समेटी जनप्रतिनिधि, टोल विकास संस्थाका पदाधिकारी र स्वास्थ्यकर्मीहरुको सहभागितामा सञ्चालन गरिएको सचेतना सम्बन्धी कार्यक्रमबाट प्रत्यक्ष रुपमा २८५ जना लाभान्वित भएका छन्।

९. चालु आर्थिक वर्षको यस अवधि बीचमा उपमहानगरपालिका क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्न विभिन्न २७ वटा गै.स.स. तथा अन्य संघसंस्थाहरुलाई सहमति प्रदान गरिएको छ।

१०. गुणस्तरीय वस्तु तथा सेवाको सुनिश्चितता गर्दै उपभोक्ताको हित संरक्षण गर्न जिल्ला प्रशासन कार्यालय, उपभोक्ता अधिकारकर्मी, सञ्चारकर्मी लगायत अन्य सरोकारवाला कार्यालय तथा निकायको सहभागितामा १० पटक संयुक्त बजार अनुगमन कार्य सम्पन्न भएको छ।

११. विभिन्न जातजातीहरुको संस्कृति संरक्षण तथा प्रवर्द्धनका लागि आयोजना गरिएका विभिन्न कार्यक्रमहरुमा मागका आधारमा औचित्यता हेरी लागत साझेदारी उपलब्ध गराइएको छ।

१२. सामाजिक परिचालनका लागि टोल विकास संस्था गठन तथा परिचालन कार्यलाई निरन्तरता दिने क्रममा चालु आर्थिक वर्षको जेठ मसान्तसम्ममा नयाँ थप ५ वटा टोल विकास संस्थाहरु दर्ता भई उपमहानगरपालिका क्षेत्रमा टोल विकास संस्थाको संख्या ३६६ वटा पुगेको छ।

### १.२.५ सामाजिक सुरक्षा र घटना दर्ता

१. चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्तातर्फ जेष्ठ नागरिक अन्य (६८ वर्ष भन्दा माथि) ८ हजार ३५७ जना, जेष्ठ नागरिक दलित (६० वर्ष भन्दा माथि ७० भन्दा कम) ३८९ जना, एकल महिला (६० वर्ष भन्दा माथि ६८ भन्दा कम) १ हजार ४४१ जना, विधुवा महिला (जुन सुकै उमेर) २ हजार २४६ जना, पूर्ण अपाङ्गता २५९ जना, अति अशक्त अपाङ्ग ५४९ जना र ५ वर्ष मुनिका दलित बालबालिका बाल संरक्षण अनुदान ५६५ जना गरी कुल १३ हजार ८ सय ६ जना लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आएका छन्।

२. चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा जन्म दर्ता २ हजार ८८८, मृत्यु दर्ता ९२९, विवाह दर्ता १ हजार ५३३, सम्बन्ध विच्छेद २३९, बसाई सराई गरी आउने र जाने जम्मा ४ हजार ६०८ घटनाहरु दर्ता भएका छन्।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

**अब म आर्थिक विकास तर्फको कार्यक्रममा भएको प्रगतिबारे संक्षिप्त विवरण पेश गर्न अनुमति चाहन्छु।**

## १.३ आर्थिक विकास

### १.३.१ पशुपन्छी विकास तर्फ

१. नगर क्षेत्रमा किसानहरुलाई सहज सेवा उपलब्ध गराउन चालु आर्थिक वर्षमा २ वटा कृषि सेवा केन्द्र र ३ वटा पशु सेवा केन्द्र थप गरी ७ वटा सेवा केन्द्र मार्फत पशु सेवा र कृषि सेवा उपलब्ध गराइएको छ।

२. पशु स्वास्थ्यमा टेवा पुर्‍याउन चालु आर्थिक वर्षमा पशु स्वास्थ्य शिविर ९ स्थानमा, जुनेटिक रोग सम्बन्धी तालिम ७ स्थानमा सञ्चालन गरिएको छ।

३. आन्तरिक परजिवी नियन्त्रणका लागि औषधी र रेबिज विरुद्धको खोप सेवा केन्द्र मार्फत सञ्चालन भएको छ। नियमित रुपमा कृतिम गर्भाधान कार्यक्रम सञ्चालन भैरहेको छ। निजी क्षेत्रका प्राबिधिकहरुलाई चालु आर्थिक वर्षमा १४ वटा रेफ्रि खरिद गरी बितरण गरिएको छ।

४. चालु आर्थिक वर्षमा पशु सेवा बिज्ञ केन्द्र मकवानपुर समेतको सहयोगमा ६८००० बाख्राहरुमा पि.पि.आर खोप र खोरेत रोग विरुद्ध खोप कार्यक्रम सञ्चालन गरिएको छ।

५. मौसमी घाँस उत्पादनमा सहयोगका लागि जै ५६०० के.जी., बर्सिम ३०० के.जी. र मकै चरी घाँसको बिउ २७०० के.जी. सेवा केन्द्र मार्फत वितरण गरिएको छ।

६. युवा लक्षित पशुपालन, एकल महिला पशुपालन, महिला प्रोत्साहन, पाडी प्रवर्धन, यान्त्रीकरण लगायतका कार्यक्रमबाट ११९ जना किसानलाई अनुदानको लागि सम्झौता भएको छ।

७. सङ्घीय सशर्त अनुदान अन्तर्गत प्राप्त पशुपन्छी बजार प्रबर्द्धनका लागि मिटमार्ट (वध स्थल) निर्माण कार्य चालु अवस्थामा रहेको छ।

८. महामारीको रुपमा गाई भैंसीमा देखिएको लम्पिस्किन रोग बिरुद्ध करिब ४५०० डोज भ्याक्सिन लगाइएको छ। साथै, पशु स्वास्थ्य केन्द्रबाट प्राथमिक उपचारका औषधी बितरण सहित प्राबिधिक सेवाहरु उपलब्ध गराईएको छ।

९. प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत वडा नं. ८, १६, १७ र १८ मा गाई/भैंसी प्रवर्द्धन कार्यक्रम चालु आर्थिक वर्षको अन्तसम्ममा सम्पन्न हुने गरी प्रक्रियामा रहेको छ।

### १.३.२ कृषि विकास तर्फः

१. चालु आर्थिक वर्षमा युवा लक्षित कृषि विकास कार्यक्रम, कृषिमा महिला प्रोत्साहन, साना सिंचाई कार्यक्रम लगायत ७ वटा कार्यक्रम सञ्चालनको लागि ५१ जना कृषकसंग कार्यक्रम सम्झौता भएको छ।

२. संघीय सशर्त अनुदान अन्तर्गत गत वर्षको तरकारी पकेट क्षेत्रको निरन्तरता १, चालु आर्थिक वर्षको धान पकेट क्षेत्र-१ र तरकारी पकेट क्षेत्र-१ कार्यक्रम सम्झौता भै चालु अवस्थामा रहेको छ।

३. वडा नं. ६, १३ र १५ मा १९ हसे कृषक पाठशाला कार्यक्रम सम्पन्न भएको छ। साथै, नगरका वडा ११, १२, १६, १७ र १८ गरी ५ वटा वडामा कृषक तालिम सम्पन्न भएको छ।

४. अन्य पालिकाको असल अभ्यास अध्ययनको लागि २५ जना किसानलाई ३ दिनको अवलोकन भ्रमण सम्पन्न भएको छ। मासिक रुपमा करिब ५० जनाको सहभागितामा कृषक समूहहरुको मासिक बैठक निरन्तर चल्दै आएको छ ।

५. प्रदेश सरकार सशर्त अनुदान कार्यक्रम अन्तर्गत वडा नं. १३, १४ र १६ मा फलफूल तथा तरकारी प्रवर्द्धन कार्यक्रम चालु आर्थिक वर्षको अन्तसम्ममा सम्पन्न हुने गरी प्रक्रियामा रहेको छ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म सुशासन तथा सूचना प्रविधि क्षेत्रतर्फको कार्यक्रममा भएको प्रगतिबारे संक्षिप्त प्रगति समीक्षा पेश गर्ने अनुमति चाहन्छु ।

### १.४ सुशासन तथा सूचना प्रविधि तर्फ

#### १.४.१ सुशासन तर्फ

सेवा प्रवाहलाई व्यवस्थित गर्न एवम् कानुन बमोजिम स्थानीय तहलाई प्राप्त जिम्मेवारी र अधिकार प्रभावकारी रूपमा कार्यान्वयन गर्न चालु आर्थिक वर्षमा ऐन ५, कार्यविधि १३, मापदण्ड १ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। साथै ऐन ३, मापदण्ड १, निर्देशिका १, कार्यविधि ७, नियमावली १ र नीति १ वटा संशोधन गरी लागु गरिएको छ ।

चालु आर्थिक वर्षमा उपमहानगरपालिका कार्यालयबाट प्रवाह गरिएको सामान्य सेवा तर्फ नागरिकता सिफारिस ३ हजार ३१४, नागरिकता प्रतिलिपि सिफारिस ३ हजार ७१३, चौहद्धि सिफारिस ६ हजार ५५४, नाता प्रमाणित सिफारिस ८८९, खानेपानी धारा जडान सिफारिस ८८८, विजुली जडान सिफारिस १ हजार १८७, बस्तुगत विवरण ५ हजार ८५३, जग्गा नामसारी सिफारिस ४७५, नाता सम्बन्ध सिफारिस २ हजार ६२४ र अन्य सिफारिसहरु ४४ हजार ६५१ गरी कुल जम्मा ७० हजार १४८ सिफारिस भएका छन्।

#### १.४.२ प्रशासन शाखा तर्फः

१. नगर कार्यपालिकाका पदाधिकारी तथा महाशाखा/शाखा प्रमुखहरुलाई सुशासन तथा संस्थागत विश्लेषण अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।

२. कार्यालयमा रिक्त रहेको दरबन्दी अनुसार विभिन्न तहका ७० जना कर्मचारी स्थायी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगको वार्षिक कार्यतालिका बमोजिम माग आकृति फाराम भरी आयोगमा पठाइएको छ।

३. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमा हेटौंडा उपमहानगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य अगाडि बढाइएको छ।

४. चालु आर्थिक वर्षको यस अवधिमा स्थानीय सेवा गठन तथा सञ्चालन अध्यादेश, २०७८ बमोजिम विभिन्न तहमा ३६ जना कर्मचारीको तह वृद्धि तथा २ जना कर्मचारीको तह मिलान गरिएको छ। साथै स्थानीय सेवा गठन तथा सञ्चालन अध्यादेश, २०७९ बमोजिम विभिन्न तहमा ८ जना कर्मचारीको तह वृद्धि तथा ९ जना कर्मचारीको तह कायम गरिएको छ।

५. नगरपालिका स्थापनाको ५४ औं वर्षलाई ऐतिहासिक रुपमा भव्य कार्यक्रमका वीच नगर स्थापना दिवस सम्पन्न गरिएको छ। सो अवसरमा विभिन्न विधाका विशिष्ट व्यक्तित्वहरुलाई सम्मान गरिएको छ। ऐतिहासिक पक्ष समेटिएको नगर दर्पण “स्मारिका” प्रकाशन गरिएको छ। साथै उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कृत गरिएको छ।

६. कार्यालयको दरबन्दी अनुसार रिक्त पदमा करार सेवामा पदपूर्ति गरी परिचालन गरिएको छ।

**१.४.३ सूचना प्रविधि**

१. कार्यालयको गतिविधि, सेवा प्रवाहको जानकारी एवम् सार्वजनिक सूचना प्रवाह गर्न कार्यालयले सञ्चालन गरेको वेभसाईट, फेसबुक पेज तथा अन्य सामाजिक सञ्जालहरु नियमित अध्यावधिक भइरहेका छन्।

२. स्थानीय रेडियो, दैनिक पत्रिका, साप्ताहिक पत्रिका र अनलाइन मिडियाहरु मार्फत सुशासनको लागि आवश्यक सूचनाहरु नियमित प्रशारण तथा प्रकाशन भैरहेको छ।

३. उपमहानगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने दैनिक सेवाको रिपोर्टिङ अनलाइनमा आवद्ध गरिएको छ ।

४. सामुदायिक विद्यालयहरुको सम्पूर्ण विवरण समेटिएको एकीकृत सूचना प्रणाली तयार भई विभिन्न विद्यालयहरुको परीक्षा नतिजा प्रकाशन अनलाईन मार्फत भैरहेको छ।

५. १९ वटै वडाहरुमा अनलाइन प्रणालीबाट व्यक्तिगत घटना दर्ता सामाजिक सुरक्षा र कर सम्बन्धी सफ्टवेयरहरु सञ्चालन भैरहेको छ।

६. वडा नं. १६ मा सार्वजनिक सुनुवाई सम्पन्न भएको छ।

७. पदमपोखरीको मुख्य बजार क्षेत्र, वडा नं. ११ को थानाभऱ्याङ देखि नवलपुर विद्यालयसम्म लगायत अन्य विभिन्न स्थानहरुमा सि.सि. क्यामेरा जडान कार्य सम्पन्न भएको छ।

८. कार्यालयभित्र सेवाग्राहीले सजिलै मोनिटरमा छोएर सेवा बारे जानकारी लिन साथै सेवा प्राप्तिका लागि आवश्यक कागजपत्र बारे जानकारी दिने डिजिटल नागरिक वडापत्र निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

९. उपमहानगरपालिका अन्तर्गत हर्नामाडी स्वास्थ्य केन्द्र लगायत अन्य स्वास्थ्य संस्थाहरुको प्याथोलोजी ल्याबको लागि सफ्टवेयर निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

१०. १९ वटा वडा कार्यालय, स्वास्थ्य संस्थाहरु तथा कार्यालयको डाटा ब्याकअपको लागि क्लाउड व्यवस्थापन सफ्टवेयर निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

११. ECD कक्षाहरूमा अध्ययन गर्ने पूर्वप्राथमिक तहका बालबालिकाहरूको सिकाई उपलब्धीमा थप टेवा पुऱ्याउन साथै उक्त कक्षामा अध्यापन गराईने विषयहरूलाई समेटी Multimedia Android Based Web Application निर्माण सम्पन्न भएको छ।

१२. कार्यालयमा कार्यरत इन्जिनियर/सव-इन्जिनियर र अन्य प्राविधिक कर्मचारीलाई GIS Mapping सम्बन्धी ७ दिने तालिम सम्पन्न भएको छ।

१३. उपमहानगरपालिकाको शहरी क्षेत्रको बेस म्याप (Base Map) को तयारीको लागि आवश्यक स्याटलाइट ईमेज (Satellite Image) खरिद प्रक्रिया अघि बढाइएको छ।

१४. CityNet Nepal National chapter को अध्यक्षको हैसियतबाट हेटौंडा उपमहानगरपालिकाको आयोजनामा सदस्य नगरपालिकाका प्रमुख तथा संघ संस्थाहरुको उपस्थितिमा अन्तरक्रियात्मक समन्वय बैठक सम्पन्न भएको छ।

१५. मलेसियामा सम्पन्न CityNet को नवौं कङ्ग्रेस सभामा यस उपमहानगरपालिकाका प्रमुखज्यूको उपस्थिति सहित Nepal Chapter को हैसियतबाट प्रस्तुतीकरण भएको छ।

### १.५ वातावरण, विपद् व्यवस्थापन र फोहरमैला व्यवस्थापन

१६. नगरको वातावरणीय स्वच्छता र सौन्दर्य अभिवृद्धिका लागि बजार क्षेत्रमा दैनिक सडक सरसफाई तथा फोहर संकलन, क्यारी निर्माण तथा कर्भस्टोनमा रंग लगाउने कार्य, सडकका खाल्डाखुल्डी पुर्ने कार्य, आवश्यक्ता अनुरुप औषधी डिसइन्फेक्टेन्ट छर्ने, नाला सफाइ, सडक छेउको झार फडानी कार्य नियमित रुपमा गरिएको छ।

१७. यस अवधि बीचमा उपमहानगरपालिकाको उपकरण प्रयोग गरी ६१ ट्रिप लेदो जन्य सेफ्टि टयांकको फोहर व्यवस्थापन गरिएको छ। १९ वटा वेवारिसे लास सतगत गरिएको छ। शवदाह मेशिनबाट ३१४ वटा शव निःशुल्क सतगत गरिएको छ। १९२ परिवारलाई सव वाहन सेवा प्रदान गरिएको छ। आगलागी नियन्त्रणका लागि बारुण यन्त्रबाट २०२ पटक (नगरभित्र १६५ र नगरबाहिर ३७) सेवा उपलब्ध गराइएको छ।

१८. निजी क्षेत्रसँगको साझेदारीमा सञ्चालन गर्रिदै आएको सशुल्क घरदैलो फोहर संकलन सेवा साझेदार संस्थासँग ३ वर्षका लागि सम्झौता नवीकरण भई सेवा सञ्चालनमा रहेको छ।

१९. विभिन्न संघ, संस्था, कार्यालयलाई माग अनुसार डस्टबिन वितरण गरिएको छ। नगरक्षेत्र भित्रका विभिन्न वडाहरुमा ३९१ सिमेन्ट बेन्च राखिएको छ। नगरक्षेत्र भित्र विभिन्न स्थानमा ११,८५० वटा विरुवा रोपिएको १६३ वटा ह्युम पाईप गमला राखिएको छ। मुख्य बजार क्षेत्रको सडक किनाराका रुख विरुवाको फेद, रेलिङ्ग, गमला र अन्य स्थानमा रङ्ग लगाउने कार्य गरिएको छ।

२०. सफा हेटौंडा अभियान “Together We Can” अन्तर्गत हुप्राचौर, वन विज्ञान अध्ययन संस्थान देखि राप्ती पुलसम्म, पारिजात पथ, बुद्ध पार्क लगायत अन्य सार्वजनिक स्थानको सरसफाई कार्यलाई निरन्तर सञ्चालन गरिएको छ।

२१. नदी किनारको स्वच्छता कायम गर्न राप्ती र क्याम्पा पुलको दाँया बाँया सरसफाई गरी वृक्षारोपण र रंगरोगन सहित आकर्षक बनाइएको छ।

२२. नेपाल नगरपालिका संघ र ENPHO को सहकार्यमा लेदोजन्य फोहरको दिगो व्यवस्थापनका लागि आवश्यक अध्ययन अगाडी बढाइएको छ। साथै ADB बाट फोहर पानी प्रशोधन केन्द्र तथा फोहर व्यवस्थापन केन्द्रको DPR तयारीको कार्य चालु अवस्थामा रहेको छ।

२३. प्लाष्टिकजन्य फोहरलाई निरुत्साहन गर्ने विषयलाई जोड दिई टोल विकास संस्था लगायत अन्य साझेदार संघसंस्थाहरुको सहभागिता र सहकार्यमा सप्ताह व्यापी विविध कार्यक्रम सहित विश्व वातावरण दिवस भव्य रुपमा सम्पन्न गरिएको छ।

२४. सामुदायिक वन उपभोक्ता महासंघसँगको सहकार्यमा वन समुहका पदाधिकारीलाई लेखा व्यवस्थापन सम्बन्धी २ वटा तालिम सम्पन्न गरिएको छ। वन डढेलो न्यूनिकरण तथा व्यवस्थापन कार्यक्रम ४ वटा स्थानमा सम्पन्न भएको छ।

२५. सफा हेटौंडा, स्वस्थ हेटौंडा कार्यक्रम अन्तर्गत मुख्य बजार क्षेत्रका वडाहरु १, २, ४, ५ र १० लाई लक्षित गरी फोहरलाई श्रोतमा वर्गिकरण गर्ने कार्यलाई घरपरिवार तहमा अभियानको रुपमा पुऱ्याउन वडा तहमा टोल विकास सँस्था, नागरिक समाजलाई अभिमुखीकरण गरिएको छ। स्वयंसेवक परिचालन, प्रचार प्रसार र अनुगमनलाई तिव्र बनाइएको छ।

२६. शहरी वन व्यवस्थापन कार्यक्रम अन्तर्गत वडा नं १० स्थित माछा बजार मिनी बगैंचामा विरुवा रोपण कार्य सम्पन्न गरिएको छ।

२७. वातावरणीय संरक्षण एवं पर्यापर्यटन अभिवृद्धिका लागि यस उपमहानगरपालिका अन्तर्गतका सिमसार क्षेत्र तथा वन जङ्गलमा पाइने चराहरुको प्रजातीगत अभिलेखीकरण कार्य चालु अवस्थामा रहेको छ।

२८. विद्यालय तहदेखि नै वालवालिकाहरुमा वातावरणीय स्वच्छता संरक्षण तथा जगेर्ना प्रति अभिरुची सिर्जना गर्न नमुनाको रुपमा नगरका ४ वटा विद्यालयहरुमा इको क्लब गठन गरी परिचालन गर्ने कार्य अघि बढाइएको छ।

२९. वैकल्पिक उर्जालाई प्रवर्द्धन गर्न नगर क्षेत्रका ४० पशुपालक कृषक घरपरिवारमा वायोग्याँस निर्माण कार्य सम्पन्न भएको छ।

३०. हेटौंडा-१० स्थित फोहरमैला अन्तिम विसर्जन स्थलमा हुने आगजनी लगायत अन्य अवाञ्चित गतिविधि नियन्त्रणका लागि सि.सि. टिभि जडान गरिएको छ। वडा नं १९ मा उद्यान तथा सार्वजनिक शौचालय निर्माण गरिएको छ।

३१. विपद व्यवस्थापनका लागि आवश्यक सामग्री खरिद गरिएको छ। वडा स्तरमा विपद व्यवस्थापन समिति गठन गरी क्रियाशील गराउने कार्य अघि बढाइएको छ।

## १.६ न्यायिक समिति

न्यायिक समिति अन्तर्गत चालु आर्थिक वर्षमा नयाँ दर्ता भएका विवाद संख्या २२८, प्रक्रियामा रही अघिल्लो वर्षबाट जिम्मेवारी सरेका मुद्धा ४ गरी कुल मुद्धा २३२ रहेको छ । जसमध्ये मिलापत्र भएको ७३, मेलमिलाप हुन नसकेको(असफल) विवाद संख्या २६, अदालत जान सुनाइएको ११, प्रक्रियामा रहेको ९६, मुद्धा फिर्ता १, विपक्षी सम्पर्क नआएको विवाद संख्या १, विपक्षी अदालत गएको संख्या ५, पक्षहरु उपस्थित नभएको विवाद संख्या १७, दुवै पक्ष सम्पर्कमा नआएको विवाद संख्या ५ र तामेलीमा राखेको विवाद संख्या १ रहेका छन्। यस आर्थिक वर्षमा समितिको स्वीकृत कार्यक्रम अन्तर्गत मेलमिलापकर्ताको पाक्षिक न्यायिक डबली रेडियो कार्यक्रम, सन्देशमुलक डायरी छपाई, नयाँ मेलमिलापकर्ताहरुका लागि ८ दिने आधारभूत तालिम, न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता र कर्मचारीहरुको अवलोकन भ्रमण कार्यक्रम, समुदाय स्तरीय न्यायिक अनुशिक्षण सम्पन्न भएका छन् । यसैगरी न्यायिक समितिमा भएका अभिलेखहरुको डिजिटाइजेशन कार्य अगाडि बढाइएको छ ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म आन्तरिक तथा बाह्य राजस्व परिचालनको क्षेत्र तर्फ भएको प्रगतिबारे संक्षिप्त समीक्षा पेश गर्ने अनुमति चाहन्छु।

### १.५.१ राजस्व परिचालन

उपमहानगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को लागि रु. ३ अर्ब ३३ करोड १३ लाख ४५ हजार संशोधित स्वीकृत अनुमान गरेकोमा हाल सम्म रु. १ अर्ब ७० करोड ७२ लाख ३८ हजार ९ सय ८८ रुपैया ३९ पैसा अर्थात ५२.८३ प्रतिशत राजस्व तथा अनुदान संकलन भएको छ ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म यस उपमहानगरपालिकाको बजेट तथा खर्च (चालु र पूंजिगत) को वित्तीय प्रगतिबारे संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु ।

## १.६ बजेट तथा खर्चको विवरण

### १.६.१. चालु तर्फ

यस शीर्षक अन्तर्गत रू. १ अर्ब ५६ करोड ५८ लाख ५७ हजार ४ सय ८ रुपैया २९ पैसा बजेट विनियोजन भएकोमा रू. १ अर्ब ७ करोड ६६ लाख ७० हजार ५ सय ६९ रुपैया ७४ पैसा मात्र खर्च भई ६८.७६ प्रतिशत प्रगति हाँसिल गरिएको छ ।

### १.६.२ पूँजीगत तर्फ

यस शीर्षकमा कुल बजेट रकम रू. १ अर्ब ६५ करोड ३९ लाख ८७ हजार ५ सय ९१ रुपैया ७९ पैसा विनियोजन भएकोमा हालसम्म रु. ७० करोड ८९ लाख १३ हजार ९ सय ९५ रुपैया ६२ पैसा खर्च हुन गई वित्तीय प्रगति ४२.८६ प्रतिशत हुन गएको छ । वित्तीय व्यवस्था तर्फ रु. १ करोड १५ लाख विनियोजन भएकोमा ८५ लाख ६५ हजार ७० रुपैया ११ पैसा खर्च हुन गई वित्तीय प्रगति ७४.४७ प्रतिशत हुन गएको छ । समग्रमा जेष्ठ मसान्तसम्म ५५.५२ प्रतिशत आर्थिक प्रगति हासिल भएको छ । चालु आर्थिक वर्षको स्वीकृत योजनाहरु सम्झौता भई कार्य सम्पन्न हुने क्रममा रहेकोले यसको वित्तीय प्रगति आर्थिक वर्षको अन्त्य सम्ममा वृद्धि हुने देखिन्छ ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म यस उपमहानगरपालिकाको विकासका चुनौती र अवसरहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## २. नगरपालिकाको विकासका चुनौती तथा अवसर

माथि प्रस्तुत गरिएको चालु आर्थिक वर्षको २०८० जेष्ठ मसान्तसम्मको अवधिको वित्तीय तथा भौतिक प्रगति विवरणको आधारमा तयार गरिएको संक्षिप्त समीक्षाको प्रवृत्ति विश्लेषण गर्दा आर्थिक वर्ष २०८०/८१ को बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न निम्न चुनौती तथा अवसरहरू रहेको देखिएको छ ।

### २.१ चुनौतीहरू

१. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन सहित) बमोजिमका व्यवस्थाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,

२. सात तहको योजना प्रक्रिया पूरा गरी योजना माग, छनौट, प्राथमिकीकरण र कार्यान्वयनमा कानुनि व्यवस्था अनुरूपको उत्तरदायित्व पूरा गर्न स–साना योजनालाई वडा तहबाट सम्बोधन गर्न लगाई मझौला आकारको योजनामा उपमहानगरपालिकाको बजेटलाई केन्द्रित गर्ने,

३. ठेक्का तथा उपभोक्ता समिति मार्फत गरिने कार्य समयमा सम्पन्न गर्ने,

४. योजनाको माग प्रति बढ्दो जन अपेक्षा र मुलुकमा सिर्जित आर्थिक मन्दीका कारण राजश्व परिचालनमा परेको नकारात्मक असर बीच तालमेल मिलाउदै बजेट, कार्यक्रमलाई उपमहानगरपालिकाको प्राथमिकता क्षेत्रमा केन्द्रित गर्ने,

५. दिगो विकासको लक्ष्य प्राप्त गर्न नीति तथा कार्यक्रममा लक्ष्यहरूलाई स्थानीयकरण गर्ने ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

माथि उल्लिखित चुनौती रहँदा रहँदै पनि यस उपमहानगरपालिकाको सामाजिक, आर्थिक, वातावरणीय तथा भौगोलिक विशिष्टताको कारण अवसर र सम्भावना धेरै रहेका छन् । जसलाई संक्षिप्त रूपमा प्रस्तुत गर्न चाहन्छु।

### २.२ अवसर तथा सम्भावनाहरु

१. मुलुकको मध्य भागमा रहेको र राष्ट्रिय राजमार्गहरुको सहज पहुँच,

२. प्रदेशको राजधानी सहर,

३. हावापानी तथा जलवायुको दृष्टिबाट आवासीय सहरको सम्भावना भई तिब्र शहरीकरण हुँदै गरेको,

४. दुई वटा महत्वपूर्ण औद्योगिक क्षेत्र रहेकोले औद्योगिक सहरको रुपमा विकास हुनसक्ने,

५. उपमहानगरपालिका र वरिपरिका क्षेत्रलाई प्याकेजको रुपमा धार्मिक ऐतिहासिक सम्पदा एवम् उष्णदेखि शितोष्ण जलबायु भएका विविधतायुक्त प्राकृतिक सौन्दर्य स्थानहरु समेटी उत्कृष्ट पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न सकिने,

६. खनिज तथा नदीजन्य पदार्थको व्यवस्थित उत्खनन् र उपयोगबाट उपमहानगरपालिकाको विकास निर्माण तथा आयश्रोत बढाउन सकिने ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म उल्लेखित चुनौती र अवसरलाई विश्लेषण गर्दा तिनलाई सम्बोधन गर्ने आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटको प्राथमिकता र उद्देश्य तथा क्षेत्रगत प्रमुख नीतिहरू बारेमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## ३. योजना, कार्यक्रम तथा बजेट तयार गर्दा निम्न बिषयहरुलाई मुख्य प्राथमिकता एवम् उद्देश्यको रुपमा राखिएको छ :

### ३.१ प्राथमिकता

१. आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
२. उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
३. जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
४. स्थानीय सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
५. स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
६. महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
७. लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
८. समावेशी र दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,
९. भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने,
१०. शिक्षा, स्वास्थ्य क्षेत्रको गुणस्तरीयता एवम् सबलीकरण,
११. सबै प्रकारका सामाजिक विभेद अन्त्य भएको मानवियताको सहर ।

### ३.२ उद्देश्यहरू

१. विकासको लागि आर्थिक, सामाजिक, भौगोलिक पूर्वाधारहरु खडा गर्ने,
२. शासनमा सुधार र सेवा प्रवाहमा जनताको सहज पहुँच वृद्धि गर्ने,
३. आन्तरिक क्षमता विकास र सुदृढीकरणमा जोड दिने,
४. सन्तुलित एवम् दिगो समावेशी विकासको अवधारणालाई आत्मसात गर्ने,
५. गरीबी न्यूनिकरण तथा जनजिविकामा टेवा पुऱ्याउने,
६. समृद्ध नगर सुखी नगरवासीको अवस्था हासिल गर्ने ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म आर्थिक वर्ष २०८०।८१ मा राखिएको प्राथमिकता र उद्देश्य कार्यान्वयन गर्दा अवलम्बन गरिने प्रमुख क्षेत्रगत नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## ४ प्रमुख नीतिहरू

### ४.१ शहरी विकास र सार्वजनिक निर्माण तर्फ

१. उपमहानगरपालिकाको वडा नं. १० स्थित निर्माणाधीन सुबिधा सम्पन्न बस टर्मिनल सहितको सपिङ्ग कम्प्लेक्स निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइने छ ।

२. उपमहानगरपालिका वडा नं. ४ मा निर्माणाधीन बहुउद्धेश्यीय व्यवसायिक भवनको निर्माण कार्यलाई आवश्यक समन्वय गरी प्रभावकारी रुपबाट अगाडी बढाइने छ।

३. उपमहानगरपालिकाको वडा नं. १० मा रहेको हङकंग वजार (हेटौंडा कम्प्लेक्स) लाई थप व्यवस्थित गर्न निर्माण कार्य अगाडी बढाइने छ।

४. जोखिमपूर्ण अवस्थामा रहेका जीर्ण काठेपुलहरुलाई विस्थापित गर्दै पक्की पुल तथा कल्भर्ट निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

५. उपमहानगरपालिकाको आफ्नै भवन नभएका वडा कार्यालय तथा सेवा केन्द्रको भवन निर्माण र अधुरो अवस्थामा रहेका स्वास्थ्य संस्थाको भवन निर्माणलाई सम्पन्न गरिने छ।

६. एक वडा एक वालमैत्री पार्क अवधारणा अनुसार सम्बन्धित वडाको ५०% लागत साझेदारीमा वडाहरुमा खुला व्यायामशाला सहितको पार्क निर्माण गरिने छ। साथै नगर क्षेत्र भित्र निर्माण भएका पार्कहरुको लगत अद्यावधिक गरिने छ।

७. जिल्लामा अन्तरपालिकास्तरको सञ्जाल निर्माण गरी शहर र गाउँ जोड्ने कनेक्टिभिटि सडक निर्माणमा समन्वयात्मक प्रयास अगाडि बढाइने छ।

८. शहरी सौन्दर्यकरणका लागि प्रमुख शहरी क्षेत्रका अप्टिकल फाइवर तथा अन्य तार व्यवस्थित गर्न सरोकारवाला निकायहरुसंग समन्वय गरी कार्य अगाडि बढाइने छ।

९. उज्यालो शहर र सुरक्षित शहरको अवधारणा अनुसार नगरका विभिन्न स्थानहरुमा हाईमास्ट लाईट जडान गरिने छ।

१०. सडकमा परेका विद्युतका पोलहरुलाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइने छ। साथै नयाँ सडक निर्माण गर्दा सडकमा परेका विद्युत पोल हटाउने कार्य लागत अनुमानमै समावेश गरी कार्यान्वयन गर्ने नीति अवलम्बन गरिने छ।

११. उपमहानगरपालिकाको वीच भागवाट वगिरहेको कर्रा खोला र राप्ती नदीले वस्तीलाई पुऱ्याउन सक्ने सम्भाव्य क्षती न्यूनिकरणको लागि दायाँ बायाँ करिडोर निर्माणमा संघीय सरकार र प्रदेश सरकारको समेत लागत सहभागितामा निर्माण कार्य अघि बढाइने छ ।

१२. वडा नं. ११ राप्ती नदी उकास जग्गामा प्रदेश सरकारको समेत लागत सहभागितामा गुरुयोजना वमोजिम निर्माणाधीन अटो भिलेज निर्माण कार्यलाई निरन्तरता दिइने छ। साथै नगर भित्र रहेका मोटरसाइकल ग्यारेज र कबाडी व्यवसाय समेतलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्न आवस्यक कार्य गरिने छ।

१३. शहरी पूर्वाधार विकासका लागि उपयुक्त देखिएका हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशाला सहितको करिव ५ बिगाहा जग्गा, साविक टि.सि.एन क्षेत्रको जग्गा, हेटौंडा-१ स्थित चौकी टोल रोपवेको जग्गा र हेटौंडा-२ स्थित नेपाल खाद्य संस्थानको जग्गा यस

उपमहानगरपालिकाको स्वामित्वमा ल्याउन प्रदेश सरकार मार्फत नेपाल सरकार समक्ष आवश्यक समन्वय एवं पहल गरिने छ।

१४. बसपार्क क्षेत्र लगायत मुख्य बजार क्षेत्रमा सुरक्षित पिउने पानीको व्यवस्थाका लागि आवश्यकता अनुसार Water ATM को स्थापना गर्न सामाजिक उत्तरदायित्व अन्तर्गत नीजि क्षेत्रलाई प्रोत्साहन गरिने छ। साथै विभिन्न संघ संस्था तथा निजी क्षेत्रको सहकार्यमा आवश्यक स्थानमा यात्रु प्रतिक्षालयको निर्माणलाई समन्वय एवं प्रोत्साहन गरिने छ।

१५. सडक बोर्ड नेपालको लागत साझेदारीमा सडक मर्मत सम्भार कार्यलाई निरन्तरता दिइने छ।

१६. संघ र प्रदेश सरकारसंगको लागत साझेदारीमा समपुरक अनुदान तथा विशेष अनुदान कार्यक्रमबाट सञ्चालन हुने आयोजनाहरुलाई निरन्तरता दिइने नीति अनुरुप आगामी आर्थिक वर्षमा संघीय सरकारको समपुरक तथा विशेष अनुदान कार्यक्रमबाट वडा नं. १३ को पदमपोखरी मुख्य सडक स्तरोन्नती कार्य र वडा नं. ४ को श्रमिक माध्यमिक विद्यालयको भवन निर्माण कार्य सञ्चालन गरिने छ।

१७. **"नियमित मर्मत सम्भार- दिगो सडकको आधार"** भन्ने मुल मर्म अनुसार एक प्रतिशत मर्मत सम्भार कोषमा कट्टा गर्ने नीति कार्यान्वयन गरिने छ। उपमहानगरपालिकाबाट सञ्चालन हुने पूर्वाधार विकासका योजनाहरुमा विनियोजित बजेटको दुई प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी आयोजनाको सञ्चालन व्यवस्थापन गरिने छ।

१८. नगर क्षेत्रभित्र प्रचलित कानुन बमोजिम भवन निर्माण ईजाजत प्राप्त नगरी निर्माण भएका भवन तथा स्थायी संरचनालाई स्वीकृत भवन तथा योजना मापदण्ड पूरा गरेकाको हकमा भवन नियमित तथा अभिलेखीकरण गरिने छ ।

१९. बढ्दो आगलागीका घटना न्यूनिकरण लागि घर नक्सा पास गरी निर्माण सम्पन्न प्रमाण पत्र दिँदा अग्नी नियन्त्रण यन्त्र (Fire Extinguisher) अनिवार्य रुपमा राख्ने नीति अबलम्बन गरिने छ।

२०. नक्सा पास प्रक्रिया छिटो छरितो ढंगबाट सम्पादन गर्नका लागि अनलाइन नक्सा इजाजत प्रणाली Electronics Building Permit System (EBPS) सञ्चालनमा ल्याइने छ।

२१. उपमहानगरपालिका भित्रका ठूला पूर्वाधार निर्माण परियोजनाहरुको कार्यको विस्तृत परियोजना प्रतिवेदन (DPR) र विस्तृत इन्जिनियरिङ ढाँचा (DED) विभिन्न संस्थाहरुसंगको सहकार्यमा तयार गर्ने कार्यलाई प्राथमिकता दिइने छ।

२२. सरकारी, सार्वजनिक जग्गाको तथ्याङ्क र अभिलेख अद्यावधिक गर्ने व्यवस्था मिलाई सार्वजनिक सम्पत्तीको संरक्षण गरिने छ।

२३. हेटौंडा-५ मा अवस्थित पिप्ले क्याम्पा रंगशालालाई पूर्वाधार थप सहित सुविधा सम्पन्न बनाउन चालु आर्थिक वर्षमा प्यारापिट निर्माण लगायतका कार्यहरु अगाडि बढाइने छ।

## ४.२ आर्थिक विकास तर्फ

### ४.२.१ कृषि तर्फ

२४. "आर्थिक समृद्धिको आधार कृषि प्रसार" भन्ने मूल नाराका साथ कृषि उत्पादनमा व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकीकरण तथा बजारीकरणमा विशेष जोड दिँदै सामुहिक खेती (चक्लाबन्दी) प्रणालीलाई प्रोत्साहन गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउन आवश्यक कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

२५. जमीनको बढ्दो खण्डीकरणलाई निरुत्साहित गर्दै जग्गाको व्यवस्थित उपयोगको लागि जग्गाको वर्गीकरण गर्ने कार्यलाई आवश्यक पुनरावलोकन सहित अद्यावधिक गरिने छ ।

२६. कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न सिंचाई प्रणालीको विस्तारमा जोड दिइने छ।

२७. उपमहानगरपालिका क्षेत्रभित्र उत्पादन हुने ड्रागन, केरा, मेवा, खरबुजा लगायतका फलफूल तथा तरकारीहरूको पकेट क्षेत्र विस्तार गरी उत्पादन अभिबृद्धि गर्न जोड दिइने छ ।

२८. वैदेशिक रोजगारीबाट फर्किएका युवा तथा बेरोजगार युवाहरुलाई लक्षित गरी व्यावसायिक कृषिमा आकर्षित गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२९. एकल र विपन्न महिलाहरुको आय आर्जनमा टेवा पुऱ्याउन आवश्यक उत्पादनमुलक कार्यक्रम सञ्चालन गरिने छ ।

३०. उपमहानगरपालिकाको वडा नं. ११ थानाभर्याङ्गमा निर्माणाधीन प्रादेशिक कृषि थोक बजार केन्द्रको निर्माण कार्यलाई आगामी आर्थिक वर्षमा सम्पन्न गरी सञ्चालनमा ल्याइने छ।

३१. उपमहानगरपालिकाको २ वटा वडामा नमुना कृषि उत्पादन कार्यक्रम सञ्चालन गरिने छ।

३२. नगर क्षेत्रमा उन्नत बाली प्रवर्द्धनका लागि किसानहरुलाई उन्नत बालीको वीउँमा अनुदान उपलब्ध गराइने छ।

३३. नगर क्षेत्रमा प्रयोग हुने पुष्प तथा फलफूलको बिरुवा वितरणको लागि आगामी वर्ष परीक्षणको रुपमा नगरको २ वटा वडामा नर्सरी स्थापना गरिने छ।

३४. उपमहानगरपालिकाको वडा नं. १३ को निर्माणाधीन कृषि उपज संकलन केन्द्रको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइने छ।

३५. उपयोगमा नआएका बगर तथा बाँझो जमिनमा कृषि खेती प्रवर्द्धन गर्न सामुदायिक खेतीलाई प्रोत्साहित गरिने छ।

३६. उपमहानगरपालिकाको वडा नं. १६ चिसापानीमा सञ्चालनमा रहेको हाट बजारको पूर्वाधार विस्तार गरी थप व्यवस्थित गरिने छ।

३७. निगुरो, कुरिलो, सजिवन (मरिङ्गा), कोदो र फापर जस्ता रैथाने तरकारी तथा बाली प्रवर्द्धनका लागि अनुदान दिइने छ।

३८. साना किसानहरुबाट उत्पादित कृषि उपजहरुको बजार व्यवस्थापनको लागि विगतमा सञ्चालन हुदै आएका हाटबजारहरुलाई पूर्वाधार सुधार सहित नियमित सञ्चालन गरिने छ।

### ४.२.२ पशु पन्छी तर्फ

३९. एक गोठ एक पाडी कार्यक्रम मार्फत दुधको उत्पादन बढाउन पाडी पालन कार्यक्रमलाई अनुदानमा आबद्ध गरी सञ्चालन गरिने छ।

४०. उपमहानगरपालिकाका विस्तारित वडाका सम्भाब्य क्षेत्रमा बाख्रा पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिने छ।

४१. नगरभित्र कृषि सेवा केन्द्र र पशु सेवा केन्द्र थप गरी वडाहरुमा प्रयोगशाला सहितको सेवा विस्तार गरिने छ।

४२. पशुपालन तर्फ व्यावसायिक फर्म प्रोत्साहन, साना पशुपालक कृषकहरुलाई गोठ/ खोर सुधार कार्यक्रम सञ्चालन गरिने छ ।साथै कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइने छ।

४३. कृषि औजारको पहुँच कम रहेका सिमान्तकृत किसानहरुलाई खेती प्रणाली सहजीकरणका लागि हल गोरु पालन प्रोत्साहन कार्यक्रमलाई अनुदान उपलब्ध गराईने छ।

४४. रैथाने प्रजातीका गाई संरक्षण गर्न गाई प्रोत्साहन कार्यक्रमको शुरुवात गरिने छ।

४५. विपन्न परिवारका छोरीहरुलाई शिक्षामा प्रोत्साहन गर्न छोरी पशुधन कार्यक्रम सञ्चालन गरिने छ।

४६. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत नगर क्षेत्रमा रहेका वेरोजगार सूचीमा सूचिकृत कामदारहरुलाई विकास कार्यमा अधिकतम परिचालन गरिने छ ।

### ४.२.३ संस्कृति संरक्षण र पर्यटन विकास

४७. नगरक्षेत्रभित्र रहेका धार्मिक, सांस्कृतिक एवम् पुरातात्विक महत्वका धरोहरहरुको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिँदै विभिन्न जातजातिका भेषभुषा, भाषा, बाजागाजा र संस्कृतिको संरक्षण गरिने छ । साथै धार्मिक सहिष्णुता अभिवृद्धिका लागि नगरक्षेत्रमा रहेका मठ मन्दिर, गुम्बा, चर्च, मदरसा लगायतका धार्मिक संस्थाहरुको स्तरोन्नती गर्ने व्यवस्था मिलाइने छ ।

४८. पर्यटकीय स्थलहरुको विकास र प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि नगर क्षेत्रमा रहेका पर्यटकीय स्थलहरु शहिद स्मारक, कुष्माण्ड सरोवर, चुरियामाई/चुरे सुरुङ, जुरेथुम, गुम्बा डाँडा, गढी दरवार, मनकामना, नकौली, पाथिभरा र पुण्यक्षेत्रलाई जोड्ने एकिकृत पर्यटकीय मार्ग (Circuit) निर्माण र पर्यटकीय सेवाको विविधिकरण एवम् स्तरोन्नती गरिने छ।

४९. ऐतिहासिक मकवानपुरगढीको महत्व प्रचार प्रसार तथा प्रवर्द्धनका लागि गढी परिसरमा अन्तरपालिका साझेदारीमा राष्ट्र निर्माता पृथ्वीनारायण शाहको शालिक स्थापना गरिने छ। साथै तत्कालीन मकवानपुर राज्यका सेनापति कनक सिं बानियाको प्रतिमा स्थापना गर्ने कार्यलाई सम्पन्न गरिने छ।

५०. पर्यटन प्रवर्द्धनका लागि हेटौंडा ताल, पैदल मार्ग, होमस्टे, खेल पर्यटन, फनपार्क, रक क्लाइम्बिङ्ग, केवल कार लगायतका पूर्वाधारहरुको विकासका लागि सम्भाव्यता अध्ययन गरी निजी क्षेत्रसंगको साझेदारीमा आवश्यक कार्य अगाडि बढाइने छ।

### ४.२.४ उद्योग तर्फ

५१. उपमहानगरपालिकाभित्र विभिन्न प्रकृतिका श्रम गर्दै आएका श्रमिकहरुका लागि अनौपचारिक हितकोष कार्यविधि अनुसार अक्षकोष व्यवस्थापन र हितकोष व्यवस्थापनका लागि आवश्यक बजेट सहित कार्यान्वयन गरिने छ।

५२. उपमहानगरपालिका क्षेत्रभित्र ढाका कपडा उत्पादन प्रवर्द्धन र बजारीकरणमा जोड दिइने छ।

५३. स्थानीय बजारमा स्वरोजगारका सम्भावना देखिएका सीप विकास तालिम कार्यक्रमलाई निरन्तरता दिइने छ।

५४. घरेलु स्तरमा व्यक्तिगत/लघु उद्यमीहरुबाट उत्पादन गरिएका वस्तुहरुको बजारीकरणका लागि ब्राण्डिङ्ग, प्याकेजिङ, लेवलिङ गरी बेचबिखन गर्न कोशेली घर निर्माण, सञ्चालन र निरन्तरताको लागि अनुदान उपलब्ध गराइने छ।

५५. लघु उद्यम विकास कार्यक्रम (मेडपा) कार्यान्वयनलाई निरन्तरता दिइने छ।

५६. तालिम प्राप्त उद्यमीहरुलाई उद्यमशिलतामा जोड्न बिउ पूँजीका रुपमा आर्थिक अनुदान उपलब्ध गराइने छ।

५७. सूचिकृत भएका विपन्न गृह श्रमिक एवम् अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गरिने छ।

### ४.२.५ सहकारी तर्फ

५८. प्रचलित कानुन अनुसार उपमहानगरपालिकाको नियमन क्षेत्रभित्र पर्ने सहकारी संस्थाहरुको नियमित समन्वय तथा अनुगमन गरिने छ।

५९. सहकारी संस्थाहरुको क्षमता विकास गर्न सहकारी शिक्षा लगायत आवश्यकीय तालिमहरु सञ्चालनलाई निरन्तरता दिइने छ।

६०. समान प्रकृतिका सहकारीहरुलाई एकिकरण (मर्जिङ) गर्ने कार्यलाई प्रोत्साहन गरिने छ।

### ४.३ शिक्षा तर्फ

६१. वाल विकास केन्द्रमा कार्यरत शिक्षिकाहरुका लागि मासिक पारिश्रमिकमा रु.३००० बृद्धि गरि प्रोत्साहन गरिने छ।

६२. उपमहानगरपालिकाको शैक्षिक रुपान्तरण तथा विकासका लागि काठमाडौं विश्वविद्यालयसँगको सहकार्यमा नगर शिक्षा सुधार योजना तयार गरी कार्यान्वयन गरिने छ ।

६३. शिक्षण सिकाई प्रवर्द्धन गर्न भुटनदेवी माध्यमिक विद्यालयमा नमुना **ज्ञान पार्क (Knowledge Park)** स्थल निर्माण गरिने छ।

६४. बालबिकासका सूचकहरु पुरा गर्दै विद्यालयको भौतिक संरचना बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री हुने गरी निर्माण तथा मर्मत सम्भारको लागि आवश्यक व्यवस्था मिलाइने छ।

६५. संस्थागत विद्यालयलाई सहजीकरण एवं नियमन गर्न आवश्यक कानुन बनाई कार्यान्वयन गरिने छ ।

६६. अनुगमन/सुपरीवेक्षण तथा संस्थागत सहायतालाई थप व्यवस्थित बनाइने छ साथै कार्यविधि निर्माण गरी **शिक्षकको व्यवस्थापन र कार्यक्षमता मूल्याङ्कन** प्रणालीको सुरूवात गरिने छ ।

६७. विद्यार्थी सङ्ख्या र भूगोलका आधारमा विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान र व्यवस्थापन गरिने छ साथै विद्यार्थी सङ्ख्या बमोजिम बालविकास केन्द्रको व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

६८. सामुदायिक क्याम्पसमा स्नातक तह तेस्रो र चौथो वर्षमा अध्ययनरत उपमहानगरपालिकाका स्थायी बसोवासी सबै विद्यार्थीहरुलाई छात्रवृत्ति सुनिश्चित गरी अध्ययन निरन्तरतामा सहयोग गरिने छ।

६९. बालबालिकाहरूलाई विद्यालय तथा उच्च शिक्षाको अवसरबाट वञ्चित हुन नदिन **मेयर केयर कार्यक्रम** (छात्रवृत्ति, पोशाक, शैक्षिक सामग्री) लाई प्राथमिकतामा राखिने छ साथै बालिका शिक्षालाई प्रोत्साहन दिन **छात्रा साइकल** सहयोग कार्यक्रम सञ्चालन गरिने छ ।

७०. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत विद्यालय तहको शैक्षिक अभिलेख अध्यावधिक गरी शैक्षिक तथ्याङ्कलाई व्यवस्थित राख्ने कार्यलाई निरन्तरता दिइने छ ।

७१. हरित नगरी हेटौंडाका **हराभरा सामुदायिक विद्यालय** कार्यक्रम मार्फत विद्यालयको पर्यावरण हराभरा, स्वच्छ, शान्त बनाई शैक्षिक वातावरण सकारात्मक बनाइने छ ।

७२. विद्यालयलाई प्रविधियुक्त बनाउँदै आधुनिक प्रविधि र नवप्रवर्तनात्मक विधि/प्रविधिसँग विद्यालय शिक्षालाई जोडिने छ ।

७३. कक्षा ४-८ को स्थानीय पाठ्यक्रम तथा कक्षा १-८ को स्थानीय पाठ्यपुस्तक र पाठ्यसामग्री तयार गरी कार्यान्वयन गरिने छ। साथै बालबालिकालाई व्यावहारिक र सांस्कारिक बनाउन स्थानीय पाठ्यक्रम मार्फत जीवनोपयोगी शिक्षा कार्यक्रम सञ्चालन गरिने छ।

७४. शिक्षालाई रोजगारीसँग जोड्न व्यवसायिक शिक्षा, प्रविधिक शिक्षा, छोटो अवधिका तालिम सञ्चालन गरिने छ ।

७५. सामुदायिक विद्यालयका प्रधानाध्यापक नियुक्ति प्रक्रियालाई कानुन बनाई व्यवस्थित गरिने छ। साथै **प्रधानाध्यापकलाई उत्प्रेरित गर्न प्रोत्साहनमूलक कार्यक्रम** मार्फत नेतृत्व तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।

७६. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरूका लागि नेतृत्व विकास तालिम, शिक्षक, कर्मचारी, बालविकास केन्द्रका सहजकर्ताहरुको लागि तहगत र विषयगत रूपमा क्षमता अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गरिने छ ।

७७. अस्थायी, करार, राहत, बालविकास सहजकर्ता र विद्यालय कर्मचारी नियुक्ति प्रक्रियालाई थप व्यवस्थित गरिने छ।

७८. ट्युसन/कोचिङ्ग सेन्टर, होस्टल, निजी क्षेत्रबाट सञ्चालित प्रारम्भिक बालविकास केन्द्र र शिशु स्याहार केन्द्रलाई व्यवस्थित गर्ने, नियमन गर्ने कार्यको थालनी गरिने छ ।

७९. सामुदायिक सिकाई केन्द्र, बालसमूह, स्काउट, स्थानीय पुस्तकालयहरुलाई सक्रिय बनाई अनौपचारिक र जीवनपर्यन्त सिकाइको अवधारणा कार्यान्वयन गरिने छ । साथै हरेक विद्यालयमा १/१ वटा स्काउट ट्रुप (Scout Troop) गठन तथा सञ्चालनलाई अनिवार्य गरिने छ ।

८०. जुनियर रेडक्रस सर्कल, विद्यालय स्काउटको सक्रियतामा विद्यालयहरूमा जोखिम तथा विपद् व्यवस्थापन, आगलागी नियन्त्रण, सूर्तिजन्य पदार्थ नियन्त्रण, लागुपदार्थ दूर्व्यसनी लगायतका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

८१. शैक्षिक क्यालेण्डर निर्माण गरी विद्यालयका वार्षिक कार्यक्रमहरूलई व्यवस्थित बनाइने छ। साथै विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय प्रवेश गराई **अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा** प्राप्तिको सुनिश्चितता गरिने छ ।

८२. सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ। साथै संस्थागत विद्यालयले समेत सेनिटरी प्याड वितरण गर्ने कार्यलाई अनिवार्य गरिने छ ।

८३. उपमहानगरपालिकाका कक्षा १-६ का विद्यार्थीहरुलाई मापदण्ड बनाई दिवा खाजा खुवाउने कार्यक्रमलाई थप व्यवस्थित बनाइने छ ।

८४. सकारात्मक चिन्तन र अनुशासनको विकास गर्न **विद्यालयमा योग, ध्यान, व्यायाम, खेलकुद कार्यक्रम** सञ्चालन गरिने छ ।

८५. अङ्ग्रेजी माध्यमबाट हुने शिक्षण सिकाईलाई प्रोत्साहन गर्दै विद्यालय **शिक्षाको गुणस्तर मापन सम्बन्धी सूचकहरुको आधारमा वर्गीकरण गरी** विद्यालयहरुलाई प्रतिस्पर्धी बनाईने छ।

८६. उपमहानगरपालिकभित्रका सबै विद्यार्थीका लागि **एकै किसिमको ड्रेसकोड लागु** गरिने छ। साथै माध्यामिक तह (कक्षा १-१२) एकै सिफ्टमा सञ्चालन गर्न आवश्यक समन्वय गरिने छ ।

८७. हेटौंडामा प्रादेशिक विश्वविद्यालय स्थापनाका लागि प्रदेश तथा संघीय सरकारसँग आवश्यक पहल गरिने छ।

८८. स्नातक तहको ईन्जिनियरिङ्ग, कृषि, सूचना प्रविधि र कानुन विषयका सम्बन्धन, अनुमति एवम् सञ्चालन प्रक्रिया अगाडि बढाइने छ।

८९. शैक्षिक तथा उद्यमशिलता प्रवर्धनको लागि **राष्ट्रिय आविस्कार केन्द्रसँग** सहकार्य गरिने छ।

९०. उपमहानगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा प्रयोगमा रहेका यातायातका साधनहरुको व्यवस्थित सञ्चालन गर्न मापदण्ड बनाई लागु गरिने छ।

### ४.३.१ युवा तथा खेलकुद तर्फ

९१. युवामा अन्तर्निहित प्रतिभा प्रस्फुटन, सकारात्मक सोच, नैतिकता, चारित्रिक गुण तथा अनुशासन, सीप र क्षमता विकास गर्न विभिन्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी नगरप्रति दायित्वबोध गराउने र श्रमप्रति सम्मान गर्ने संस्कार विकास गरिने छ ।

९२. खेलकुद क्षेत्रका विभिन्न विधाहरुको प्रतिष्पर्धात्मक खेल सञ्चालन गर्न तथा प्रशिक्षण केन्द्र सञ्चालनको लागि रंगशाला, खेलमैदान, कभर्डहल आदि आवश्यक भौतिक पूर्वाधार निर्माण तथा स्तरीकरण गरिने छ ।

९३. उपमहानगरपालिका क्षेत्रभित्र सक्रिय रहेका खेलसँग सम्बन्धित विभिन्न संघ संस्थाहरुलाई उपमहानगरपालिका अन्तर्गत दर्ता एवं अभिलेखिकरण गर्ने कार्य अघि बढाइने छ।

९४. नगर खेलकुद विकास समितिको व्यवस्थापनमा वडा तथा नगर स्तरमा युवा क्लबहरुलाई खेलकुद कार्यक्रमको लागि उच्चतम परिचालन गरिने छ ।

९५. खेलकुदलाई व्यावसायीकरण र सामाजिकीकरण गर्दै विकासको अभिन्न अङ्गका रूपमा लिँदै साधनस्रोतको परिचालनबाट युवालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिस्पर्धामा सक्षम बनाइने छ ।

९६. छात्रा, किशोरी, तथा महिलाहरुको लागि सेल्फ डिफेन्स तालिम कार्यक्रमलाई निरन्तरता दिइने छ ।

९७. विभिन्न विधाका प्रतिष्पर्धात्मक खेलहरु सञ्चालन गर्न खेलकुद क्यालेण्डर निर्माण गरी **हेटौंडा नगर कप** (**Hetauda Municipal Cup**) प्रतियोगिता आयोजना गरिने छ ।

९८. बिद्यालय शिक्षाको गुणस्तर अभिबृद्धि गर्न श्रोत ब्यक्तिको व्यवस्थापन गरी परिचालन गरिने छ।

## ४.४ सामाजिक विकास तर्फ

### ४.४.१ जनस्वास्थ्य तर्फ

९९. उपमहानगरपालिका अन्तर्गत रहेका वडा नं. १३ र १६ का स्वास्थ्य संस्थाहरुलाई अस्पतालको रुपमा सञ्चालन गर्न आवश्यक कार्य अघि बढाइने छ।

१००. सुत्केरी महिला तथा नवजात शिशुको स्वास्थ्य अवस्था परीक्षण गर्न पोषण कोशेली सहित भेटघाट गर्ने कार्यक्रमलाई PNC Home Visit कार्यक्रमको साथमा निरन्तरता दिइने छ ।

१०१. दीर्घ तथा नसर्ने रोगबाट घरमै ओछ्यानमा थलिएर रहेका बिरामी व्यक्तिहरुलाई लक्षित गरी वडा वडामा रहेका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुको परिचालनबाट प्रशामक सेवा (Paliative Care)को कार्यक्रम क्रमशः अघि बढाइने छ ।

१०२. महिलामा बढ्दो क्रममा रहेको स्तन तथा पाठेघर क्यान्सर जस्ता घातक रोगहरुको निःशुल्क परीक्षण गर्ने कार्यक्रमलाई सरकारी तथा गैह्रसरकारी संस्थाहरुसङ्गको सहकार्यमा निरन्तरता दिइने छ ।

१०३. स्वास्थ्य संस्थाहरुको सेवालाई प्रभावकारी बनाउन र आधारभुत स्वास्थ्य सेवाको पहुँच अभिबृद्धि गर्न ई-रिपोर्टिंग सिस्टमलाई स्वास्थ्य संस्थाहरुमा विस्तार गरिने छ। हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थामा प्रयोगशाला सेवा लगायत अन्य सेवाको विस्तारमा जोड दिइने छ ।

१०४. बदलिदो जीवनशैलीको कारण बढ्दै गएको नसर्ने रोगहरुको प्रभाव कम गर्न स्वास्थ्य जीवन कार्यक्रम अन्य निकायहरुसंगको सहकार्यमा सञ्चालन गरिने छ। उपमहानगरपालिकालाई क्षयरोगमुक्त पालिका बनाउन जनचेतनामुलक कार्यक्रम सञ्चालनमा जोड दिइने छ।

१०५. उपमहानगरपालिका अन्तर्गतका स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रहरुको न्यूनतम मापदण्ड अनुगमन गरी स्वास्थ्य संस्थाहरुबाट प्रवाह भैरहेको स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गरिने छ।

१०६. नेपाल रेडक्रस सोसाइटी ब्लड बैंक मार्फत नगरवासीहरुलाई प्रदान गरिदै आएको निःशुल्क रक्त सञ्चार सेवा कार्यक्रमलाई निरन्तरता दिइने छ।

१०७. बिकट स्थानमा बसोबास गर्ने नगरबासीहरुमा सहज स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न सम्बन्धित वडाको स्वास्थ्य संस्था मार्फत सेवा व्यवस्थापन हुने गरी आवश्यक व्यवस्था मिलाइने छ।

१०८. गर्भवती महिलाहरुको गर्भअवस्था देखि सुत्केरी भएको २ वर्षसम्मको अवधिलाई ट्र्याकिङ गरी उक्त अवधिमा लिनु पर्ने सम्पूर्ण आधारभूत स्वास्थ्य सेवा लिएको सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाइने छ।

१०९. पतञ्जली योग समिति र जीवन विज्ञान लगायतका योगाभ्यास प्रवर्द्धनमा क्रियाशील रहेका संस्थाहरुसंगको समन्वय र सहकार्यमा नगर क्षेत्रमा योगाभ्यासलाई अभियानको रुपमा सञ्चालन गरिने छ।

११०. आयुर्वेद तथा प्राकृतिक चिकित्सा लगायत वैकल्पिक चिकित्सा क्षेत्रको समुचित विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।साथै प्राकृतिक चिकित्सा सेवा प्रदान गरिरहेका स्वास्थ्य संस्थालाई सहयोग गर्ने नीतिलाइ निरन्तरता दिइने छ।

१११. ९ देखि १४ वर्षका किशोरीहरुलाई लक्षित गरी महिलाहरुमा समस्याको रुपमा देखिने गरेको पाठेघर मुखको क्यान्सर विरुद्धको खोप Human Papilloma Virus (HPV) स्वास्थ्य संस्थाहरु मार्फत उपलब्ध गराइने छ।

### ४.४.२ वातावरण विपद् तथा फोहरमैला व्यवस्थापन तर्फ

११२. "**सफा हेटौंडा स्वस्थ्य हेटौंडा**" अभियान अन्तर्गत दिगो फोहर व्यवस्थापनका लागि एकीकृत फोहरमैला व्यवस्थापन कार्यक्रम सञ्चालन गरिने छ। फोहरलाई श्रोतमै न्यूनिकरणमा जोड दिदै मुख्य बजार क्षेत्रमा फोहरलाई श्रोतमा नै वर्गिकरण अनिवार्य गर्न विविध कार्यक्रम सञ्चालन गर्न टोल विकास संस्था लगायतका अन्य सरोकारवालाहरुलाई परिचालन गरिने छ ।

११३. नगर क्षेत्रमा उत्सर्जन हुने फोहरमैलाको दिगो व्यवस्थापन गर्न सार्वजनिक निजी साझेदारी अवधारणामा फोहर व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाइने छ ।

११४. हरित विद्यालयको अवधारणा अनुरुप विद्यालय तहदेखि नै बालबालिकामा वातावरणप्रतिको सचेतना विकास गर्नका लागि विधार्थीहरुलाई वातावरण संरक्षण सम्बन्धी क्रियाकलापमा सहभागी गराइने छ।

११५. सम्बन्धित सरोकारवाला संघ संस्थासंग समन्वय गरी टोल विकास संस्थाको सहकार्यमा वैकल्पिक झोलाको प्रवर्द्धन गरी टोल तथा वडालाई प्लास्टिकमुक्त घोषणा कार्य अभियानको रुपमा सञ्चालन गरिने छ ।

११६. हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको समन्वयमा समुदायस्तरमा खानेपानी तथा सरसफाई स्वच्छता सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । खानेपानी गुणस्तर मापन तथा शुद्धिकरण विधिलाई प्रभावकारी बनाइने छ । स्थानीय उपभोक्ता समितिबाट सञ्चालित योजनाहरुलाई क्रमशः खानेपानी व्यवस्थापन वोर्डमा आवद्ध गर्ने कार्यलाई निरन्तरता दिइने छ।

११७. हेटौंडा खानेपानी व्यवस्थापन वोर्ड मार्फत उपलब्ध गराइएको निःशुल्क खानेपानी सुविधाको प्रभावकारिता अध्ययन गरी आवश्यक पुनरावलोकन गरिने छ।

११८. संघीय सरकार, हेटौंडा उपमहानगरपालिका र खानेपानी व्यवस्थापन वोर्डको संयुक्त लगानी (सहकार्य) मा सञ्चालन हुने उपमहानगरपालिका क्षेत्रको खानेपानी पूर्वाधार निर्माणमा लागत साझेदारी उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइने छ ।

११९. शहरी क्षेत्र हरियाली प्रवर्द्धन कार्यलाई निरन्तरता दिन सडक स्तरोन्नती गर्दा वृक्षारोपणलाई समेट्न योजनाको लागत अनुमानमा वृक्षारोपण गर्ने कार्य समावेस गरी उपभोक्ताले नै संरक्षणको जिम्मेवारी लिनु पर्ने नीतिलाई अघि बढाइने छ । साथै उपमहानगरपालिका क्षेत्रभित्र फलफूल तथा सौन्दर्यात्मक विरुवा रोपण कार्य अभियानको रुपमा अघि बढाइने छ।

१२०. बिपन्न नगरबासीका लागि शौचालय बनाउन सहयोग गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

१२१. सामुदायिक वन उपभोक्ता समूहहरुको क्षमता विकास गरी वन संरक्षण तथा डढेलो नियन्त्रणमा आवश्यक सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

१२२. फोहरको उचित तथा दिगो व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ । फोहरमैला व्यवस्थापनका लागि वातावरणमैत्री प्रविधि तथा उपकरणको प्रयोग गरिने छ । साथै अन्तिम फोहर विसर्जन केन्द्रलाई उचित व्यवस्थापन गर्दै एकीकृत फोहोर व्यवस्थापन पार्कको रुपमा विकसित गरिने छ ।

१२३. हालसम्म सञ्चालनमा नआएका फोहर पानी प्रशोधन केन्द्र (Waste Water Treatment Plant) को अवस्था अध्ययन गरी आवश्यक सुधार सहित पूर्णरुपमा सञ्चालनमा ल्याइने छ । साथै

लेदोजन्य फोहर (Faecal Sludge) सम्बन्धी आवश्यक अध्ययन गरी उचित व्यवस्थापन गरिने छ ।

१२४. शहरी सौन्दर्यता कायम राख्न खुल्ला स्थान चौक तथा सडक किनाराहरुमा आकर्षक फूलको विरुवा लगाउने कार्यलाई निरन्तरता दिइने छ । क्यारी निर्माण, गमला सहित फूलको विरुवा रोप्ने कार्यलाई निरन्तरता दिइने छ ।साथै विश्राम स्थलहरुमा सिमेन्ट बेन्चको व्यवस्था गरिने छ ।

१२५. शहरी आवागमनमा सहजता ल्याउन र शहरी सौन्दर्य अभिवृद्धि गर्न तीन पाङ्ग्रे सवारी तथा भारी सवारी साधनको पार्किङ लगायत समग्र व्यवस्थापनमा सुधार ल्याउन सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गरी प्रभावकारी रुपमा अगाडि बनाइने छ ।

१२६. शहरी सौन्दर्य अभिवृद्धि गर्न शहरी वन व्यवस्थापन, फलफूल र वगैंचा /उद्यान निर्माण कार्यलाई अन्य निकायसंगको साझेदारी एवं समन्वयमा निरन्तरता दिइने छ । साथै खहरे तथा नदी सरसफाई तथा संरक्षण अभियानलाई निरन्तरता दिइनेछ। त्यसैगरी टोल विकास संस्थाहरुको सक्रियतामा सार्वजनिक स्थलहरुको नियमित सरसफाइ अभियान सञ्चालन गरिने छ ।

१२७. औषधीजन्य फोहरलाई व्यवस्थित गर्न सरकारी तथा निजी स्वास्थ्य संस्था एवं व्यवसायीहरुसंगको सहकार्य एवं लागत साझेदारीमा आवश्यक कार्य गरिने छ।

१२८. समय सापेक्ष नवीन प्रविधि र उपकरणको व्यवस्था सहित स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) स्थापना गरी सञ्चालनमा ल्याइने छ।

१२९. वातावरण प्रदुषण गर्नमा समस्याको रुपमा देखिएको प्लाष्टिक प्रयोगलाई निरुत्साहन गर्न प्रदेश सरकार एवं सरोकारवाला निकायहरुको समन्वय र सहकार्यमा प्लाष्टिक झोला, गुट्खा, भोला, पान पराग जस्ता प्लाष्टिकको प्याकेटमा बिक्री वितरण हुदैं आएका वस्तुहरुको प्रयोग माथि प्रतिबन्ध लगाउन आवश्यक तयारी अगाडि बढाइने छ।

१३०. ग्याँस प्रयोगका सन्दर्भमा सामान्य ज्ञानको अभावमा हुने गरेका आगलागी तथा दूर्घटना न्यूनिकरण गर्न समुदाय तहमा अभियानको रुपमा तालिम सञ्चालन गरिने छ।

१३१. सामुदायिक वनसंग सहकार्य गरी निगुरो, कुरिलो उत्पादनलाई प्रोत्साहन गरिने छ। साथै वनस्पति अनुसन्धान केन्द्रसंग समन्वय गरी सामुदायिक वन क्षेत्रमा जडिबुटी विरुवा रोपनलाई ब्यापक बनाइने छ।

१३२. प्रकृति संरक्षणका माध्यमबाट पर्यटनको विकास गर्न चराका प्रजातीहरुको विविधताले सम्पन्न देखिएको यस उपमहानगरपालिकाको सिमसार तथा वन क्षेत्रमा पाइने रैथाने र बाहिरबाट आउने चरा (Migratory Bird) को अभिलेखन सहित फोटो सहितको पुस्तक प्रकाशन गरिने छ।

१३३. वन विज्ञान अध्ययन संस्थानको स्वामित्वमा रहेको प्राकृतिक वन क्षेत्र र वन्यजन्तुको उचित संरक्षणको लागि आवश्यक सहकार्य गरिने छ। क्याम्पस परिसरमा रहेको संग्रहालयको

व्यवस्थित सञ्चालनका लागि आवश्यक सहयोग एवं सहकार्य गरिने छ। साथै जिल्लाकै गौरव प्राणीका रुपमा सालकको संरक्षणलाई आवश्यक समन्वय एवं सहकार्य गरिने छ।

### ४.४.३ सामाजिक विकास तर्फ

१३४. नगरक्षेत्रमा गठन भएका टोल विकास संस्थाहरुलाई सामुदायिक परिचालनको माध्यमबाट सिङ्गो नगरको विकास प्रकृयामा सहयोग पुऱ्याउने उद्धेश्यले सचेतनामूलक, सीपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालनमा जोड दिइने छ । टोल विकास संस्था मार्फत छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरु न्यूनिकरणका लागि कार्यक्रमहरु साथै अभियानहरु सञ्चालन गरिने छ ।

१३५. मानवीय संवेदनशिलतालाई मध्यनजर गर्दै असहाय, बेसहारा, सहयोगापेक्षी सडक मानव, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक हिंसा पीडित तथा प्रभावित व्यक्तिहरुको संरक्षण, स्वास्थ्योपचार तथा पुनर्स्थापनामा सहयोग पुर्याउँदै आएका संस्थाहरुको सञ्चालन व्यवस्थापनमा गरिदै आएको सहयोगलाई निरन्तरता दिइने छ ।

१३६. यौनिक तथा लैङ्गिक अल्पसंख्यक, दलित, सिमान्तकृत समुदाय, आदिवासी जनजाति, महिला तथा अपाङ्गता भएका लक्षित वर्गका युवाहरुलाई लोकसेवा आयोग तयारी कक्षा लगायत उपयुक्त सिप विकास तालिम कार्यक्रमहरुमा प्राथमिकता दिइने छ।

१३७. नगरक्षेत्रमा क्रियाशील गैर सरकारी संघ संस्थाहरुसंग समन्वय एवं सहकार्यमा कार्यक्रमहरु सञ्चालन गरिने छ। साथै कार्यक्रमहरुमा हुन सक्ने दोहोरोपनालाई निरुत्साहन गर्दै गैरसरकारी संस्थाका कार्यक्रमलाई बजेट किताबमा समावेश गरिने छ ।

१३८. जनसांख्यिक बाहुल्यताका आधारमा तामाङ्ग जातिको भेषभुषा कला संस्कृति लगायतका मौलिक पहिचानको संरक्षण तथा प्रवर्द्धन गर्न हेटौंडा-१० मा तामाङ्ग संग्रहालय निर्माणको प्रक्रिया अगाडि बढाइने छ ।

१३९. एच.आई.भि संक्रमित, प्रभावित वालवालिकाको पोषण तथा शैक्षिक सहयोग कार्यक्रमलाई व्यवस्थित गर्दै वैदेशिक रोजगारको क्रममा मृत्यु भएका अभिभावकका वालवालिकासमेतलाई शैक्षिक सहयोग उपलब्ध गराइने छ। साथै, संक्रमित व्यक्तिको उपचार तथा आय आर्जनका लागि आवश्यक सहयोग उपलब्ध गराइने छ।

१४०. उपमहानगरपालिकाको आर्थिक सहयोगमा गै.स.स बाट सञ्चालन हुने कार्यक्रममा गै.स.स.ले कम्तिमा ३० प्रतिशत लागत साझेदारी गरेमा मात्र योजना तथा कार्यक्रम स्वीकृत गर्ने नीति अबलम्बन गरिने छ।

१४१. बैदेशिक रोजगारलाई व्यवस्थित, सुरक्षित र सम्मानित बनाउन यस उपमहानगरपालिका समेतमा सञ्चालित सुरक्षित आप्रवासन कार्यक्रम (SaMi) लाई निरन्तरता दिइने छ। साथै, वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई रिटर्नी सञ्जालमा सङ्गठित गर्दै स्वरोजगार तथा उद्यमशिलतातर्फ प्रोत्साहन गरिने छ।

१४२. संघीय सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम अनौपचारिक क्षेत्रका श्रमिक/गृह श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन आवश्यक कार्य अघि बढाइने छ। साथै अति विपन्न सूचीकृत श्रमिकको हकमा कोषमा गर्नुपर्ने योगदान उपमहानगरपालिकाबाट जुटाउन आवश्यक व्यवस्था मिलाइने छ। निजी क्षेत्रमा कार्यरत श्रमिक तथा कामदारको हकमा समेत सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न/गराउन रोजगारदातासँग आवश्यक समन्वय गरिने छ।

### ४.५ महिला तथा बालबालिका तर्फ

१४३. लैङ्गिक हिंसामुक्त नगर निर्माणका लागि बहस पैरवी तथा सचेतनामूलक अभियान सञ्चालनमा महिला जागरण समूह, टोल विकास संस्था लगायत सरोकारवालाहरुलाई परिचालन गरिने छ । साथै हिंसामा परेका महिला तथा बालबालिकाको लागि उद्धार, राहत, मनोपरामर्श तथा पुर्नस्थापनाका लागि अल्पकालीन सुरक्षित आश्रयस्थल (सेफ हाउस) सञ्चालनलाई निरन्तरता दिइने छ ।

१४४. नगर क्षेत्रमा यौनजन्य हिंसा एवम् यौनजन्य दूर्व्यवहार विरुद्धका सचेतनामूलक कार्यक्रम, किशोर किशोरीलाई जीवन उपयोगी सीप, जातीय छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, यौनिक तथा लैङ्गिक अल्पसंख्यक माथि हुने हिंसा विरुद्धका लक्षित बर्ग केन्द्रित विविध कार्यक्रमहरु सञ्चालन गरी समाजमा सचेतना जागरण गरिने छ ।

१४५. उद्यमशिलता तालिम प्राप्त गरेका महिलाहरुलाई महिला जागरण समूहसँग समन्वय गरी सीपमूलक कार्यक्रम सञ्चालन गरिने छ ।

१४६. बालमैत्री स्थानीय शासनयुक्त नगर बनाउन परिवार, टोल, विद्यालय लगायत सरोकारवालाहरुलाई जिम्मेवार बनाउँदै बाल विवाह, बालश्रम, बाल कुलत जस्ता हानीकारक अभ्यासहरुको निवारण गर्दै बालमैत्री स्थानीय शासन प्रणाली अवलम्बन गरी बालमैत्री स्थानीय तह घोषणाका सूचकहरु पूरा गर्दै वडाहरुलाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरी सिङ्गो उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गरिने छ ।

१४७. कठिन परिस्थितिमा रहेका बालबालिकाहरुको उद्धार तथा पुर्नस्थापना गर्दै अभिभावकविहीन बालबालिकाहरुको संरक्षण र पठन पाठनमा जोड दिइने छ ।

१४८. बिहेवारी २० वर्ष पारी भन्ने नारालाई सार्थक बनाउन उपमहानगरपालिकालाई बालविवाहमुक्त पालिका बनाउने अभियानका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

१४९. जेष्ठ नागरिक र बालबालिकाबीच अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम सञ्चालन गरी बालबालिकालाई नैतिकवान, आचरणयुक्त बनाउँदै जेष्ठ नागरिक प्रतिको सामिप्यता अभिवृद्धि गरिने छ ।

१५०. नगरस्तरीय जेष्ठ नागरिक मञ्च गठन गरी वडास्तरीय ज्येष्ठ नागरिक मञ्चको क्रियाशिलता अभिवृद्धि गरिने छ ।

१५१. अपाङ्गता भएका व्यक्तिहरुलाई दैनिक जीवनयापनमा सहजता पुऱ्याउनका लागि सहायक सामग्री सहयोग गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१५२. मकवानपुर बहिरा संघ संगको साझेदारीमा दोभाषेको व्यवस्था गर्दै सरकारी कामकाजमा बहिरा व्यक्तिसंगको संबाद सहजीकरणको व्यवस्था मिलाइने छ ।

१५३. गरिव, विपन्न, सिमान्तकृत, बेरोजगार महिलाहरुलाई विभिन्न किसिमका सीपमूलक तालिमहरुको माध्यमबाट दक्ष र आत्मनिर्भर बनाउँदै लगिने छ । साथै कार्यक्रममा दलित एवम् एकल महिलाहरुलाई विशेष प्राथमिकता दिइने छ ।

१५४. बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत अन्य व्यक्तिहरुलाई आवश्यकता अनुसार मनोपरामर्श सेवा प्रवाह गरिने छ ।

## ४.६ सुशासन र सेवा प्रवाह तर्फ

### ४.६.१ सुशासन तर्फ

१५५. शान्ति सुरक्षा, दूर्घटना न्यूनिकरण, अपराध नियन्त्रण, कानुन कार्यान्वयन लगायतका कार्यमा बहुउपयोगी हुने गरी नगर क्षेत्रको मुख्य क्षेत्रमा जडान गरिएका सि.सि.टि.भी.लाई आवश्यक मर्मत, सुधार र विस्तार गरी स्थानीय प्रशासनसँगको समन्वयमा सुरक्षित सहरको प्रत्याभूति दिलाइने छ ।

१५६. दैनिक सेवालाई छिटोछरितो, सहज, जनमुखी र पारदर्शी बनाई समयबद्ध किसिमबाट प्रवाह गरिने छ। साथै वडा कार्यालयबाट नै योजना कार्यान्वयन, फरफारक र भुक्तानीको व्यवस्थापन मिलाइने छ।

१५७. उपमहानगरपालिका तथा वडा कार्यालयहरुमा सुझाव/गुनासो सुनुवाई तथा व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाइने छ।

१५८. सार्वजनिक सेवा प्रवाहमा सकारात्मक विभेदको नीति लिइने छ।

१५९. उपमहानगरपालिकाको सेवा प्रवाह तथा काम कारवाहीका सम्बन्धमा नियमित रुपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण गर्ने कार्यलाई प्राथमिकता दिइने छ।

१६०. स्वीकृत वार्षिक कार्यक्रम र योजना प्रभावकारी रुपमा सञ्चालन गर्न वार्षिक खरिद योजना र कार्यक्रम कार्यान्वयन तालिका निर्माण गरिने छ ।

१६१. नगरको विकास तथा सार्वजनिक क्षेत्रमा उत्कृष्ट योगदान एवम् सहयोग पुऱ्याउने विशिष्ट व्यक्तित्वहरुलाई सम्मान गर्ने नीतिलाई निरन्तरता दिइने छ।

१६२. नगरको भूमि व्यवस्था प्रशासनलाई सरल र सहज बनाउन मालपोत तथा नापी कार्यालयहरुलाई उपमहानगरपालिका अन्तर्गत ल्याउन सम्बन्धित निकायमा आवश्यक पहल गरिने छ ।

१६३. नगरको बृहत्तर एवम् व्यवस्थित विकासका लागि उपमहानगरपालिकाको आवधिक योजना निर्माणको कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिने छ ।

१६४. संघीय सरकार तथा प्रदेश सरकारबाट अभ्यासमा ल्याइएका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), स्थानीय वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) लगायतका कार्यविधि अनुरुप उपमहानगरपालिकाको काम कारवाहीलाई नतिजामुखी बनाइने छ ।

१६५. उपमहानगरपालिका र वडास्तरबाट हुने सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन विद्युतीय शासनका औजारहरुको विस्तार र विकेन्द्रीकरण गरिने छ। साथै विद्युतीय शासन गुरुयोजना (e-Governance Master Plan) तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ साथै एकीकृत सूचना व्यवस्थापन प्रणाली अन्तर्गत नगरमा सञ्चालन रहेका सबै सफ्टवेयरहरुलाई व्यवस्थापन गरी एउटै एप्लिकेशनबाट सेवा प्रवाह अगाडि बढाइने छ।

१६६. सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाहका लागि उपमहानगरपालिकामा हेल्प डेस्कको व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

१६७. उपमहानगरपालिका सम्बद्ध तथ्यांक तथा सूचना संकलन गरी डाटा बैंकको स्थापना गरिने छ।

१६८. उपमहानगरपालिकाको सम्पूर्ण वडाहरुमा अवस्थित सरकारी विद्यालय, पर्यटकीय तथा धार्मिक स्थलहरुको श्रोत नक्साङ्कन GIS Mapping कार्यलाई अद्यावधिक गरी मेट्रिक घर नम्बर प्रणाली जडान गरी सञ्चालनमा ल्याइने छ।

१६९. सामाजिक सञ्जालको सञ्चालन तथा अधिकतम प्रयोग मार्फत सेवाप्रवाह तथा सूचना सम्प्रेषण सम्बन्धी कार्यलाई कार्यविधि बनाई व्यवस्थित गरिने छ।

१७०. उपमहानगरपालिका क्षेत्रभित्रका १० सार्वजनिक स्थलहरुमा फ्री वाईफाईको व्यवस्था मिलाइने छ।

### ४.६.२ कर्मचारी प्रशासन तर्फ

१७१. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनका आधारमा स्वीकृत संगठन संरचना अनुसार आवश्यक कर्मचारी व्यवस्थापन गरिने छ ।

१७२. कर्मचारी प्रशासनलाई क्षमता विकासका तालिम तथा नवीनतम प्रविधिको ज्ञान मार्फत प्रतिष्पर्धी र प्रभावकारी बनाईनेछ। साथै कर्मचारीहरुको बहुआयामिक क्षमता विकास गरी आवश्यकताको आधारमा कार्यसम्पादन गर्ने जिम्मेवारी दिइने छ ।

१७३. कर्मचारीलाई कार्यसम्पादनका आधारमा दण्ड र पुरस्कारको व्यवस्थालाई निरन्तरता दिई उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइने छ।

१७४. नतिजामा आधारित कार्यसम्पादन प्रणालीलाई प्रभावकारी रुपमा अवलम्बन गर्न सम्पूर्ण महाशाखा तथा शाखा प्रमुखहरुको कार्य विवरण तयार गरी कार्यसम्पादन सम्झौता मार्फत जिम्मेवार र उत्तरदायी बनाइने छ ।

१७५. कार्यालयमा कार्यरत करार कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गरिने छ।

### ४.६.३ सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन तर्फ

१७६. स्थानीय सार्वजनिक खरिद नियमावली तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

१७७. सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) वडास्तरमा विस्तार गरी कार्यान्वयनमा ल्याइने छ ।

१७८. सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय आदिको विवरण सहितको अद्यावधिक अभिलेख राखिने छ।

१७९. उपमहानगरपालिकाको खरिद कार्यलाई थप व्यवस्थित बनाउन खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गरी कार्यान्वयनमा ल्याइने छ।

१८०. उपमहानगरपालिका र वडा कार्यालयमा रहेका जिन्सी सामग्रीहरुको अभिलेखीकरण, रेखदेख, संरक्षण, मर्मत सम्भार र लिलाम बिक्री सम्बन्धी कार्यलाई थप व्यवस्थित बनाइने छ ।

### ४.६.४ कानुन र न्याय तर्फ

१८१. उपमहानगरपालिकालाई आवश्यक पर्ने कानुनि पुस्तक, सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित भएका नजीर सिद्धान्त सहित पुस्तकालय निर्माण गरिनेछ। साथै हेटौंडा उपमहानगरपालिकाबाट हालसम्म जारी भएका कानुनहरुको संग्रह तयार गरिने छ।

१८२. न्यायिक समितिको संस्थागत सुधार र न्यायिक समितिका पदाधिकारी, न्यायिक समितिको सचिवालयमा काम गर्ने कर्मचारी तथा मेलमिलापकर्ताको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१८३. उपमहानगरपालिकाबाट हालसम्म जारी भएका नीति, कानुन र अव जारी गर्नुपर्ने नीति, कानुनको लागि नीति बैंक स्थापना गरिने छ ।

१८४. कानुनी शिक्षा सचेतना कार्यक्रम तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइने छ।

१८५. आर्थिक तथा सामाजिक रुपमा असमर्थ पक्ष, घरेलु तथा लैङ्गिक हिंसाबाट पिडीत महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, द्वन्द्व पिडीत पक्षले सहज रुपमा निःशुल्क कानुनि सहायता र परामर्श उपलब्ध गराइने छ।

१८६. समुदाय तहमा कानुनि सचेतनाका कार्यक्रम र विद्यालय एवं क्याम्पसहरुलाई लक्षित गरी विद्यार्थीसंग न्यायिक समिति कार्यक्रम सञ्चालन गरी न्यायमा आम नगरबासीको पहुँच अभिवृद्धि गर्दै न्यायिक समितिको प्रभावकारिता अभिवृद्धि गरिने छ।

### ४.६.५ राजश्व परिचालन तर्फ

१८७. आर्थिक विधेयक, २०८० मा विगतमा दिईदै आएको कृषि तथा पशु सेवा प्रवर्धनसँग सम्बन्धित व्यवसाय दर्ता तथा नवीकरणमा तोकिएको दरमा ६० प्रतिशत छुटलाई निरन्तरता दिइने छ ।

१८८. एकल महिला तथा अपाङ्गता भएका व्यक्ति प्रमुख संचालक, प्रोपाईटर भई उद्योग दर्ता तथा नवीकरण गरेमा तोकिएको शुल्कमा २० प्रतिशत छुटलाई निरन्तरता दिइने छ ।

१८९. सवै वडाहरुलाई प्रविधिसंग जोड्दै सवै प्रकारका कर राजश्वहरु Online प्रणालीबाट नै संकलन गर्ने व्यवस्था मिलाइने छ । कर तथा राजस्व संकलन प्रक्रियालाई थप प्रभावकारी बनाउन विद्युतीय भुक्तानी (Connect IPS, विभिन्न बैंक तथा वित्तीय संस्थाहरु र मोबाइल वालेट) सेवा प्रदायकसंग समन्वय गरी QR Code द्वारा भुक्तानी हुने व्यवस्था गरिने छ।

१९०. नदीजन्य पदार्थको जरिवाना असुलीलाई राजश्व बृद्धिको आधारको रुपमा अपनाउन निषेधित क्षेत्र, समय र स्थान तथा प्रचलित कानुन विपरितका नदीजन्य पदार्थ उत्खनन, संकलन तथा ढुवानी कार्यमा संलग्न रहने कर्मचारी तथा सुरक्षा निकायहरुलाई जरिवाना असुली रकमको २० प्रतिशतले हुन आउने रकम प्रोत्साहन बापत उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइने छ ।

१९१. घर बहाल कर बापतको आयश्रोत प्रमाणित गर्दा वार्षिक १० प्रतिशतका दरले लाग्ने वहाल कर चौमासिक/वार्षिक रुपमा कायम गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।

१९२. व्यवसाय दर्ता तथा नवीकरण कार्यलाई अद्यावधिक गर्नका लागि कार्यालयमा व्यवसाय दर्ता गरी लामो समयसम्म व्यवसाय नवीकरण नगरेका व्यवसायीहरुलाई आर्थिक वर्ष २०७९।८० सम्मको जरिवाना छुटको लागि आर्थिक वर्ष २०८०/८१को पौष मसान्त भित्र नविकरण गर्न आएमा छुट दिईने छ।

१९३. उपमहानगरपालिकाबाट लिइने विभिन्न करहरुको संकलनमा सहजीकरण गर्न तथा करदातामा विभिन्न सूचनाहरु सम्प्रेषण समेत गरी करदातामैत्री वातावरण सिर्जना गर्न नगर कर सहजकर्ता (Municipal Tax Facilitator) परिचालन गरिने छ ।

१९४. घर बहालमा बसेका तथा वहालमा लगाएका सबै घरधुरीहरुको टोल विकास संस्थाहरु संग समन्वय गरी अद्यावधिक तथ्याङ्क संकलन गरी स्वचालित तथ्याङ्क आधार (Automated Data Base System) तयार गरी लागू गरिने छ ।

१९५. उपमहानगरपालिकाको आन्तरिक आय बृद्धि गर्नका लागि प्रचलित नियम कानुनमा व्यवस्था भएको कर, शुल्क तथा दस्तुरहरु सम्बन्धित सरोकारवालासँग समन्वय र सहकार्य गरी कर संकलन कार्यलाई व्यवस्थित गरिने छ ।

१९६. बढी हुनेले बढी र कम हुनेले कम कर तिर्ने प्रणालीलाई व्यवस्थित बनाउँदै करको दरमा वृद्धि नगरी दायरा फराकिलो पार्न विभिन्न उपायहरु अवलम्बन गरिनेछ। यसका लागि टोल विकास संस्था र आवश्यकता अनुसार स्वयंसेवक समेत परिचालन गरिने छ।

१९७. भुमिकर, सम्पत्तीकर, पेशा व्यवसायकर र घर जग्गा बहालकर लगायतका विभिन्न कर शुल्क, दस्तुर सफ्टवेयरको माध्यमबाट वडाबाटै असुली भैरहेकोमा सो कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइने छ।

१९८. रिक्सा र विद्युतीय रिक्सा नवीकरण र सिफारिस प्रक्रियालाई व्यवस्थित गरिने छ। उक्त साधनहरु व्यवस्थापनका लागि सम्बन्धित निकायहरुसंग समन्वय गरी नियमन गरिने छ। साथै उपमहानगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका ई-रिक्सा तथा अटो रिक्साको व्यवस्थापन र रुटका लागि आवश्यक कार्य गरिने छ।

१९९. प्रदेश सरकारको समन्वयमा केबुल सञ्चालक र डिसहोम विक्रेता डिलरहरुबाट ग्राहक संख्याको आधारमा मासिकरुपमा मनोरञ्जन कर लिइने व्यवस्था मिलाइने छ।

२००. **"कर तिर्नु सम्मानित हुनु पनि हो"** भन्ने भावना जगाउन करदाता सम्मान लगायतका प्रवर्द्धनात्मक र प्रचारात्मक कार्यक्रम सञ्चालन गरिने छ।

२०१. विद्युतीय पोलमा रहेका केवुल तार व्यवस्थित गरी केवुल सेवा प्रदायकहरुलाई करको दायरामा ल्याइने छ।

### ४.६.६ सम्बन्ध विस्तार तथा शिष्टाचार तर्फ

२०२. राष्ट्रिय अन्तर्राष्ट्रिय संजाल (सिटिनेट र प्रादेशिक नगर अध्ययन केन्द्रसमेत) एवं सम्बन्ध विस्तारका लागि स्वदेशका पालिका र अन्तर्राष्ट्रिय शहरहरुसंग भगिनी सम्बन्ध कायम गरी असल अभ्यासको आदान प्रदान गर्दै विकास निर्माणका कार्यमा साझेदारी गरिने छ।

२०३. मकवानपुर जिल्लाका पालिकाहरु बीच पर्यटन प्रवर्द्धन, खेलकुद विकास, विपद् व्यवस्थापन, विकास निर्माण, राजश्व संकलन तथा परिचालन, फोहरमैला व्यवस्थापन लगायत साझा सरोकारका विषयहरुमा कार्यक्रम सञ्चालन गर्न "मेयर्स फोरम" को स्थापना गरिने छ।

२०४. पूर्वाधारहरुमा लगानीका विभिन्न वित्तिय उपकरण तथा स्रोत परिचालन गर्न नगर विकास कोषमा उपमहानगरपालिकाको शेयर स्वामित्व रहने गरी आवश्यक प्रबन्ध मिलाइने छ।

**नगरसभाका अध्यक्ष महोदय,**

अब म गरिमामय नगर सभा समक्ष माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक योजना तथा वजेट तर्जुमाका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. बार्षिक योजना तथा बजेट तर्जुका आधारहरु निम्नानुसार रहेका छन् :**

क) नेपालको संविधान

ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त ऐन, २०७४

घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

ङ) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु

च) संघीय र प्रदेश सरकारले तर्जुमा गरेका बजेट तथा कार्यक्रमहरु

छ) स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका

ज) संघीय प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजनाहरु र श्रोत साधन

झ) नेपाल सरकारले प्रतिबद्धता जनाएका दिगो विकासको लक्ष्यहरु

ञ) संघ र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा सामाजिक नीतिहरु

ट) सरकारको अन्तराष्ट्रिय प्रतिवद्धता/सन्धि सम्झौताहरु,

ठ) स्थानीय विविधता र विकासको अवस्थामा रहेको असमानता,

ड) स्थानीय सरकारको आन्तरिक श्रोतको सामर्थ्य ।

**नगरसभाका अध्यक्ष महोदय,**

अव म आगामी आर्थिक वर्षको लागि क्षेत्रगत बजेट विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क्षेत्रगत बजेट विनियोजन**

**५.१ पूर्वाधार विकास**

१. उपमहानगरपालिका क्षेत्रमा एकिकृत बसपार्क तथा टर्मिनल भवन निर्माणका लागि क्रमागत योजना अन्तर्गत आगामी आर्थिक वर्षको लागि रु. ८ करोड बजेट विनियोजन गरिएको छ ।

२. हेटौंडा ४ मा निर्माणाधीन बहुबर्षीय योजना अन्तर्गत बासुदेव बहुउद्देश्यीय व्यापारिक भवन (Basudev Multi Purpose Commercial Building) रु.२ करोड विनियोजन गरिएको छ।

३. सहरी सडक मर्मत सम्भारका लागि सडक वोर्ड नेपालसँगको लागत साझेदारीमा योजना सञ्चालन गर्न रु. ९५ लाख विनियोजन गरिएको छ ।

४. चालु आर्थिक वर्षमा सम्झौता भई आगामी आर्थिक वर्षमा जिम्मेवारी सर्ने योजनाहरुको भुक्तानीको लागि रु. २१ करोड २२ लाख विनियोजन गरिएको छ।

५. संघीय सरकार समपुरक कोष अन्तर्गत पदमपोखरी मुख्य सडक बिस्तार कार्यका लागि रु.३ करोड ५० लाख विनियोजन गरिएको छ साथै संघीय सरकार र प्रदेश सरकार तर्फको समपुरक कोष (Matching Fund) अन्य योजनाका लागि रु.३ करोड ७५ लाख विनियोजन विनियोजन गरिएको छ।

६. नगरवासीलाई स्वच्छ खानेपानी व्यवस्थापन गर्न हेटौंडा खानेपानी व्यबस्थापन बोर्डसंग साझेदारी कार्यक्रमका लागि रु.१ करोड ५० लाख विनियोजन गरिएको छ साथै न्यूनतम महशुल रकम भुक्तानीको लागि रु.१ करोड विनियोजन गरिएको छ।

७. आफ्नै कार्यालय भवन नभएका वडाको प्रशासनिक भवन निर्माण तथा स्तरोन्नतीका लागि निर्माण कार्य प्रारम्भ गर्न, अधुरा कार्य सम्पन्न गर्न र मर्मत संभार कार्यको लागि रु. १ करोड १५ लाख विनियोजन गरिएको छ ।

८. नगरको बृहत्तर विकासमा महत्व राख्ने ठुला आयोजनाहरुको सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ, अनुसन्धान तथा परामर्श एवम् आवधिक योजना निर्माण गरी परियोजना बैंक (Project Bank) का लागि रु. ५० लाख विनियोजन गरिएको छ ।

९. नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा सडकमा उज्यालो शहर कार्यक्रम अन्तर्गत हाइमास्ट लाईट जडानका लागि रु. ७० लाख विनियोजन गरिएको छ ।

१०. विभिन्न पूर्वाधारहरुको आकस्मिक मर्मत सम्भारका लागि मर्मत सम्भार कोषमा रु. २ करोड विनियोजन गरिएको छ ।

११. पर्यटकीय स्थल पूर्वाधार निर्माणका लागि रु. १ करोड विनियोजन गरिएको छ साथै संस्कृति प्रवर्द्धन अन्तर्गत पूर्वाधार निर्माण मर्मत तथा जिर्णोद्वारका लागि रु. २ करोड ४७ लाख विनियोजन गरिएको छ।

१२. हेटौंडा अस्पतालको स्तरोन्नती र पूंजिगत सुधारका लागि रु. ८० लाख विनियोजन गरिएको छ।

१३. अटोभिलेज निर्माण र स्तरोन्नतीका लागि रु. ८० लाख विनियोजन गरिएको छ।

१४. कर्रा करिडोर निर्माणको निरन्तरताका लागि रु. १ करोड विनियोजन गरिएको छ साथै राप्ती करिडोर निर्माण प्रारम्भ गर्न रु. ५० लाख विनियोजन गरिएको छ।
१५. बसपार्क क्षेत्रमा रहेको हङकङ बजारलाई व्यवस्थित पूर्वाधार सहित हेटौंडा कम्प्लेक्समा रूपान्तरण गर्न निर्माण कार्य प्रारम्भ गर्न रु. ५० लाख विनियोजन गरिएको छ।
१६. पिप्ले क्याम्पा रंगशाला स्तरोन्नती कार्यका लागि रु. ५० लाख विनियोजन गरिएको छ।
१७. तामाङ्ग संग्रहालय निर्माणका लागि रु. ५० लाख विनियोजन गरिएको छ।
१८. वडा कार्यालयको लागत सहकार्यमा संचालन हुने वडा गौरबका योजनाका लागि कुल रु. ३ करोड ४० लाख विनियोजन गरिएको छ।
१९. वडा नं. ७ र ८ को सिमाना सडकलाई नमुना सडक निर्माण कार्यको निरन्तरताका लागि रु. १ करोड विनियोजन गरिएको छ।
२०. वडा नं. २ को वासुदेब मार्गलाई नमुना सडक निर्माणका लागि रु. ५० लाख विनियोजन गरिएको छ।
२१. हेटौंडा ४ नगर विकास चोक पूर्ब भैरव रोड सडक फुटपाथमा इन्टरलक बिच्छ्याउने कार्यका लागि रु. ४० लाख विनियोजन गरिएको छ।
२२. हेटौंडा ५ गर्दोई खोला रंगपथ सडक र लक्ष्मी आधारभुत बिद्यालय नजिक २ स्थानमा कलभर्ट निर्माणका लागि रु. ४५ लाख विनियोजन गरिएको छ।
२३. हेटौंडा १९ शेरशेर कुवापानी सडक स्तरोन्नती कार्यका लागि रु. ५० लाख बजेट विनियोजन गरिएको छ।
२४. हेटौंडा १ वनदेवी शिखरकोट सडक स्तरोन्नती कार्यका लागि रु. ५० लाख विनियोजन गरिएको छ।
२५. विपद व्यवस्थापन कोष तर्फ रु. २ करोड बजेट विनियोजन गरिएको छ।
२६. हेटौंडा १० बसपार्क बासुदेव मार्ग सडक स्तरोन्नती कार्यका लागि रु.४० लाख विनियोजन गरिएको छ।
२७. हेटौंडा १९ बस्तिपुर कुवापानी सडक स्तरोन्नती कार्यका लागि रु.४० लाख विनियोजन गरिएको छ।

माथि उल्लेखित आयोजनाहरु समेत पूर्वाधार विकास क्षेत्रभित्र पर्ने सडक, खेल मैदान उर्जा, सडक बत्ति, जलश्रोत, पर्यटन, भवन तथा आवास, सिंचाई लगायत नगर स्तरीय पूर्वाधार तर्फ रु.६२ करोड ३ लाख विनियोजन गरिएको छ साथै वडा तथा वस्ती स्तरीय योजना तथा कार्यक्रमका लागि रु.३८ करोड ४० लाख बजेट विनियोजन गरिएको छ।

**५.२ आर्थिक विकास**

१. कृषि विकास तर्फका विविध कार्यक्रम तथा योजना संचालन गर्न शशर्त समेत गरी रु. ५ करोड ४ लाख बजेट विनियोजन गरिएको छ।
२. पशु विकास तर्फका विविध कार्यक्रम तथा योजना संचालन गर्न शशर्त समेत गरी रु. २ करोड ३६ लाख बजेट विनियोजन गरिएको छ।
३. उद्योग, बाणिज्य, सहकारी तथा लघु उद्यम तर्फका कार्यक्रम तथा योजना संचालन गर्न रु. ८५ लाख बजेट विनियोजन गरिएको छ।
४. पर्यटन तर्फका कार्यक्रम तथा योजना संचालन गर्न रु. १ करोड २० लाख बजेट विनियोजन गरिएको छ।
५. वित्तिय क्षेत्र तर्फका कार्यक्रम तथा योजना संचालन गर्न रु. ५२ लाख बजेट विनियोजन गरिएको छ।
६. रोजगार प्रवर्द्धन तर्फका कार्यक्रम तथा योजना संचालन गर्न रु. ६९ लाख बजेट विनियोजन गरिएको छ।
७. प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल परियोजनाका लागि शशर्त तर्फ रु. ८५ लाख बजेट विनियोजन गरिएको छ।

८.	अव्यवस्थित बसोबास तथा भूमि समस्या समाधान आयोजना सम्बन्धी कार्यका लागि रु. २५ लाख विनियोजन गरिएको छ ।

माथि उल्लेखित आयोजनाहरु समेत आर्थिक विकास क्षेत्रभित्रका चालु कार्यक्रम र पूंजिगत योजना तथा कार्यक्रमका लागि रु. ११ करोड ७६ लाख विनियोजन गरिएको छ।

**५.३ सामाजिक विकास**

१. शिक्षा तर्फका कार्यक्रम तथा योजना संचालन गर्न शशर्त समेत गरी रु. ७६ करोड ५५ लाख बजेट विनियोजन गरिएको छ।

२. स्वास्थ्य तर्फका कार्यक्रम तथा योजना संचालन गर्न शशर्त समेत गरी रु.६ करोड ९० लाख बजेट विनियोजन गरिएको छ।

३. युवा तथा खेलकुद तर्फका कार्यक्रम तथा योजना संचालन गर्न रु.२ करोड ९७ लाख बजेट विनियोजन गरिएको छ।

३. लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फका कार्यक्रम तथा योजना संचालन गर्न रु.१ करोड ४२ लाख बजेट विनियोजन गरिएको छ।

४. महिला तथा वालवालिका, अपाङ्ग र जेष्ठ नागरिक तर्फका कार्यक्रम तथा योजना संचालन गर्न रु.१ करोड ५१ लाख बजेट विनियोजन गरिएको छ।

५. संस्कृति प्रवर्द्धन तर्फका कार्यक्रम तथा योजना संचालन गर्न रु.२ करोड ४७ लाख बजेट विनियोजन गरिएको छ।

६. न्यायिक समिति संचालन तथा व्यवस्थापनका लागि रु. १ करोड विनियोजन गरिएको छ।

माथि उल्लेखित कार्यक्रम सहित सामाजिक विकास अन्तर्गत शिक्षा तर्फको सशर्त र आन्तरिक बजेट तर्फको चालु कार्यक्रम र पूंजिगत योजना तथा कार्यक्रमका लागि रु. ९२ करोड ९२ लाख विनियोजन गरिएको छ।

**५.४ वातावरण तथा विपद व्यवस्थापन**

१. वन तथा भूसंरक्षण, वातावरण संरक्षण, विपद जोखिम न्यूनिकरण र जल उत्पन्न प्रकोप नियन्त्रण तर्फका कार्यक्रम तथा योजना संचालन गर्न रु.६७ लाख बजेट विनियोजन गरिएको छ।

२. फोहर मैला व्यबस्थापन र ढल तथा नाला पूर्वाधार तर्फका योजना तथा कार्यक्रमका लागि रु. ५ करोड ६८ लाख बजेट विनियोजन गरिएको छ।

३. बारूण यन्त्र संचालन र व्यवस्थापनका लागि रु. ७९ लाख बजेट विनियोजन गरिएको छ।

माथि उल्लेखित कार्यक्रम सहित वातावरण तथा विपद व्यवस्थापन एवं सरसफाई र फोहर मैला व्यवस्थापनका चालु कार्यक्रम र पूंजिगत योजना तथा कार्यक्रमका लागि रु. ७ करोड १५ लाख बजेट विनियोजन गरिएको छ।

**५.५ संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

१. संस्थागत क्षमता विकास, सुशासन प्रवर्द्धन, सेवा प्रवाह व्यवस्थापन, सूचना व्यवस्थापन, सूचना प्रविधिको प्रयोग र व्यवस्थापन, अन्तर निकाय समन्वय, स्थानीय योजना तथा तथ्याङ्क, सामाजिक सुरक्षा र पञ्जिकरण व्यवस्थापन, सुरक्षा व्यवस्थापन, सुशासन पूर्वाधार लगायतका क्षेत्रसँग सम्बन्धित चालु कार्यक्रम र पूंजिगत योजना तथा कार्यक्रमका लागि सुशासन तथा संस्थागत विकास तर्फ रु.४ करोड २२ लाख विनियोजन गरिएको छ ।

**५.६ अन्य विविध कोषहरु**

महिला तथा बाल विकास कोष, वातावरण विकास कोष, मर्मत सम्भार कोष, विपद व्यवस्थापन कोष, गरीवी न्यूनिकरण तथा सामाजिक परिचालन कोष, मानव संसाधन विकास कोष खर्च समेतका लागि कुल रु. ४ करोड १० लाख विनियोजन गरिएको छ ।

**नगरसभाका अध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु २ अर्व ६० करोड ६५ लाख ४० हजार ८०० विनियोजन गरिएको छ ।

२. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट रु. ८३ करोड ६६ लाख ६२ हजार ०७०, राजस्व बाँडफाँटबाट रु. ५९ करोड १४ लाख १० हजार ७३०, प्रदेश सरकारको विभिन्न अनुदानबाट रु. ३ करोड ३४ लाख ६८ हजार, सङ्घीय सरकारको अनुदानबाट रु. १ अर्व १४ करोड ५० लाख बाट व्यहोरिने छ ।

३. यस उपमहानगरपालिकालाई नगरसभा पश्चात सङ्घीय तथा प्रदेश सरकारबाट अख्तियारी प्राप्त हुने अन्य कार्यक्रमहरुको एकल खाता कोष प्रणाली मार्फत भुक्तानी हुने भएकाले प्रस्तुत बजेटमा उक्त कार्यक्रमहरुको स्रोत समावेश नगरिएको व्यहोरा अवगत गराउँदछु ।

**उपस्थित आदरणीय महानुभावहरू,**

प्रस्तावित बजेट, नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यहरू गर्न सकिएमा कार्यक्रमको कार्यान्वयनको सुनिश्चितता, पारदर्शिता र उत्तरदायित्वको थप प्रवर्द्धन हुने विश्वास लिएको छु । प्रस्तुत नीति तथा कार्यक्रम र बजेटबाट नगरवासीका आधारभूत आवश्यक्ताहरु परिपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, नगरमा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट नगरवासीको आर्थिक उन्नतिमा टेवा पुग्ने र वञ्चितिमा परेका वर्ग, क्षेत्र तथा समूहहरुको विकासमा मूलप्रवाहीकरण भई समावेशिताको प्रवर्द्धनमार्फत स्थानीय लोकतन्त्र सवलीकरण हुने विश्वास लिएको छु ।

नगरवासीहरूको गुणस्तरीय सेवा प्रतिको बढ्दो आकांक्षालाई पूरा गर्न हामीले आफूलाई अझ बढी उत्तरदायी, जिम्मेवार र जवाफदेही बनाउदै सरोकारवालाहरू बिचको सहकार्य, समन्वय, सुझाव र सहमति अनुकूल वातावरण स्थापना गरी प्रभावकारी ढंगका साथ स्रोत–साधन परिचालन गरी नगरपालिका जनताको सवभन्दा नजिकको देखिने सरकार हो भन्ने मान्यतालाई स्थापित गरेर देखाउनु पर्नेछ । यसै सन्दर्भमा आगामी आर्थिक वर्षको नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा क्षेत्रगत एवम् विषयगत विशेषज्ञता रहेका विषयगत शाखा, निजी क्षेत्र तथा सहकारीहरूलाई जिम्मेवार र उत्तरदायी बनाई कार्यान्वयन कार्य योजना सहित तोकिएको समयमै योजना सम्पन्न गर्न आवश्यक रहेको तथ्य तर्फ ध्यानाकर्षण गराउन चाहन्छु ।

आगामी आर्थिक वर्षको प्रस्तुत बजेट तथा कार्यक्रम तयारी/प्रस्तुति गर्ने कार्य सार्थक तुल्याउन सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, प्रदेश सरकारका विषयगत निकायका प्रमुखहरू, राजनीतिक दलका पदाधिकारीहरू, नगरसभाका सदस्यहरू सबैको मार्गदर्शन हाम्रा लागि महत्वपूर्ण रहेको व्यहोरा अनुरोध छ । साथै यस कार्यमा सहयोग गर्नु हुने सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरू, गैर–सरकारी संस्था, नागरिक समाज, सञ्चारकर्मी एवम् अन्य जनप्रतिनिधि र सरोकारवाला सबै निकाय तथा व्यक्तिहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

सभामा प्रस्तुत नगरपालिकाको बजेट, नीति तथा कार्यक्रमलाई सफल र प्रभावकारी रूपमा कार्यान्वयन गर्न विनियोजन ऐन, २०८० तथा आर्थिक ऐन, २०८० लाई सम्मानित सभाबाट स्वीकृत गर्न प्रस्ताव गरेको छु ।

अन्तमा, यस बजेटको सफल एवम् प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षबाट सदा झैं निरन्तर सहयोगको अपेक्षा गर्दै बजेट, नीति तथा कार्यक्रम वाचन गरिरहेको यस क्षणमा यो गरिमामय सभामा उपस्थित सबै विशिष्ट महानुभावहरूलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद !!

मिति २०८० आषाढ २ गते शनिबार

**प्रस्तुत कर्ता :**
**राजेश बानिया**
**नगर उपप्रमुख**